
# एकीकृत प्रारम्भिक बालविकासका लागि बारबर्दिया नगरपालिकाको रणनीतिक योजना (२०७९-२०८४)

नगरकार्यपालिका निर्णय मिति:२०८०/०१/३१
प्रमाणीकरण मिति: २०८०/०२/०५






Scanned with CamScanner

## बारबर्दिया नगरपालिकाको संक्षिप्त परिचयः

नेपालको लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा पर्ने यो बारबर्दिया नगरपालिका नेपाल सरकारको मिति २०७३ साल फाल्गुन २७ गतेको निर्णयानुसार गठन भएको नगरपालिका हो । साविक बानियाभार, पदनाहा, मगरागाडी र धधवार सहित४ गा.वि.स. समाहित गरी यो नगरमालिकाको निर्माण भएको हो । यस नगरपालिकामा जम्मा ११ वटा वडाहहरु छन् । बारबार्दिया नगरपालिका बर्दिया जिल्लाको मध्य भागमा २८ डिग्री २६ मिनेट देखि २८ डिग्री ३६ मिनेट उतर आक्षांश सम्म र ८१ डिग्री ३० मिनेट देखि ८१ डिग्री ५० मिनेट उतर देशान्तर सम्ममा अवस्थित रहेको छ । यस नगरपालिकाको सिमाना पूर्वमा बाँसगढी नगरपालिका, पश्चिममा मधुवन नगरपालिका, उत्तरमा बर्दिया राष्ट्रिय निकुञ्ज र ठाकुरबाबा नगरपालिका तथा दक्षिणमा गुलरिया नगरपालिका रहेको छ । यस नगरपालिकाको कुल जनसंख्या ६८,०१२ रहेको छ । यो नगरपालिका २२६.०९ वर्ग कि.मी. क्षेत्रमा फैलिएको छ भने यसको उचाइ समुन्द्री सतह देखि करिव १७५ मिटर रहेको छ । उत्तरमा केही चुरे क्षेत्र र दक्षिणमा तराई रहेको छ ।

Scanned with CamScanner

# विषयसुची


| | |
|---|---|
| १. परिचय | ४ |
| १.१ पृष्ठभूमि | ४ |
| १.२ परिभाषा | ४-५ |
| १.३ गर्भावस्थामा शिशुको महत्वपूर्ण पक्षको विकास | ५ |
| १.४ रणनीति योजना निर्माण प्रक्रिया (समन्वय, समूदायको संलग्नता र क्षमता) | ५ |
| **२. प्रारम्भिक बालविकासको अवस्थाको विश्लेशण** | ५ |
| २.१ बाराबर्दिया नगरपालिकाको प्रारम्भिक बालविकासको अवस्थाको विश्लेशण | ५-६ |
| २.२ प्रारम्भिक बालविकासका चुनौती तथा अवसरहरू | ७ |
| २.२.१ चुनौती | ७-८ |
| २.२.२ अवसरहरू | ८-१० |
| **३.रणनीतिका आधार र मान्यताहरु** | १० |
| ३.१ रणनीतिका आधार | १० |
| ३.२ आधारभूत मान्यताहरू | १०-११ |
| ३.३ प्रारिम्भक बालविकास सम्वन्धी आधारभूत सेवाहरू | ११-१२ |
| **४. प्रारिम्भक बालविकास रणनीति** | १३ |
| ४.१ दूरदृष्टि | १३ |
| ४.२ लक्ष्य | १३ |
| ४.३ उद्देश्य | १३ |
| ४.४ रणनीति | १३-१४ |
| ४.५ कार्यनीति | १४-१९ |
| ४.६ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन | १९ |
| **अनुसूची** | २२-३२ |




Scanned with CamScanner

## १. परिचय

### १.१ पृष्ठभूमि

प्रारम्भिक बालविकास भन्नाले गर्भावस्था देखि ८ वर्ष सम्मका बालबालिकाको सर्वाङ्गीण (शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक तथा भाषिक) विकास उमेर अनुसार क्रमिक रुपमा देखिने सकारात्क परिवर्तन हो । त्यही उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण र प्रारम्भिक सिकाइका अवसरहरू प्रदान गर्नु प्रारम्भिक बालविकासको उद्बेश्य हो । नेपालको संविधान, राष्ट्रिय कानून तथा संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ अनुसार सबै बालबालिकालाई प्रारम्भिक बालविकास सम्बन्धी सबै सेवाहरू सहजर्ताका साथ उपलब्ध गराई उनीहरूको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउनेअधिकार सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध छ ।

स्नायु विज्ञानसम्बन्धी भएको विभिन्न अनुसन्धान अनुसार जीवनको सुरुवाती वर्षमा मस्तिष्कको विकास सबैभन्दा तीव्र गतिमा हुने भएकोले बालबालिकाको वृद्धि र विकासको लागि प्रारम्भिक बाल्यावस्था अति नै महत्वपूर्ण रहेको हुन्छ । युनिसेफ (२०१६) ले प्रकाशित गरेको प्रतिवेदन अनुसार तीन वर्षको उमेरमा एउटा शिशुको मस्तिष्क वयस्कको मस्तिष्कभन्दा दुई गुणा बढी क्रियाशील हुन्छ भने न्यूरोनहरूले ७०० देखि १००० प्रति सेकेन्डका दरमा नयाँ सम्पर्क स्थापित गरिरहेका हुन्छन् । यसले बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्य, उनीहरूको जीवनभरिको सिकाइ र परिवर्तन अनुकूल हुने क्षमताका साथै मनोवैज्ञानिक प्रतिरोध क्षमता निर्धारण गर्दछ । हेकम्यान (२०००) को अध्ययन अनुसार पोषिलो खाना, शारीरिक स्वस्थता र शारीरिक व्यायाम प्रारम्भिक बालविकास उमेरमा उनीहरूको मस्तिष्क विकासका लागि अति आवश्यक कुराहरू हुन्छ । यस उमेरमा प्राप्त हुने सकारात्मक वातावरणले उनीहरूको स्वास्थ्य, भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा वृद्धि भइ बालबालिकाको समग्र विकासका लागि आवश्यक अवसरहरू प्राप्त भैरहेका हुन्छन् । तसर्थ प्रारम्भिक उमेरमा बालबालिकाको समग्र विकासका लागि लगानी गरिएमा त्यसको प्रतिफल धेरै गुणा बढी आउने कुरा विभिन्न अध्ययन तथा अनुसन्धानबाट पुष्टि भइसकेको छ । त्यस्तै अन्य अध्ययनहरूले सामाजिक असमानता जीवनको सुरुवाती दिनहरूबाट सुरू हुने देखाएका छन् भने प्रारम्भिक बालविकास कार्यक्रमले समाजमा रहेको विभेदहरूमा कमी ल्याउन प्रत्यक्ष सहयोग पुऱ्याएको समेत पुष्टि गरेका छन् ।

नगर प्रमुख



Scanned with CamScanner

यसबाट प्रारम्भिक बालविकास उमेर (गर्भावस्थादेखि ८ वर्षसम्म) का विशेष गरी विषम परिस्थितिमा रहेका तथा विशेष संरक्षण आवश्यकता भएका बालबालिकाका लागि रेखदेख, राम्रो स्वास्थ्य, पोषण र प्रोत्साहनको महत्वलाई उजागर गर्दछ । बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षण र अन्य सेवाहरू सम्वन्धित विषयगत शाखाहरु: शिक्षा, स्वास्थ्य तथा पोषण, महिला तथा बालबालिका, कृषि, खानेपानी तथा वातावरण बाट विभिन्न कार्यक्रमहरु संचालन हुँदै आइरहेका छन् । बालबालिकाको लागि आवश्यक शिक्षा,स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू अन्तर शाखा समन्वयको अभावमा एकीकृत रूपमा सञ्चालन नहुँदा प्रारम्भिक बालविकास उमेरका सवै बालबालिकाको अपेक्षित रुपमा सर्वाङ्गीण विकास हुन सकेको छैन ।

## १.२ परिभाषा

**<u>केन्द्रमा आधारित कार्यक्रम:</u>** केन्द्रमा आधारित कार्यक्रम भन्नाले बालबालिकालाई घरभन्दा बाहिर बालविकास केन्द्र वा दिवा शिशु स्याहार केन्द्र वा पूर्वप्राथमिक विद्यालयमा दिइने शिक्षा, संस्कार, स्वास्थ्य, पोषण र सुरक्षासम्बन्धी सेवाहरू प्रदान गर्ने कार्यक्रमहरूलाई जनाउँदछ ।

**<u>घरमा आधारित कार्यक्रम:</u>** घरमा आधारित कार्यक्रम भन्नाले बालबालिकालाई घरमा नै वा घरपरिवारकै वातावरणमा राखेर आमाबुबा, अभिभावक, संरक्षक, परिवारका सदस्यहरू वा छिमेकीद्वारा बालबालिकाको उमेर अनुरुपको उचित स्याहारसुसार, सिकाइ र विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा एवं पूर्वसिकाइका अभ्यासहरू गराउने कार्यक्रमहरूलाई जनाउँदछ ।

**<u>दिवा शिशु-स्याहार केन्द्र:</u>** दिवा शिशु-स्याहार केन्द्र भन्नाले तीन वर्षभन्दा मुनिका बालबालिकालाई शिक्षक वा सहयोगी कार्यकर्ताद्वारा बालबालिकाको हेरचाह, सामाजिक अन्तरक्रिया र खेल आदि क्रियाकलापमा संलग्न गराइ उमेर अनुसारको सामाजिक व्यवहार र स्वावलम्वी हुने सीपहरू सिकाइने कार्यक्रमलाई जनाउँदछ ।

**<u>प्रारम्भिक बालविकास उमेर:</u>** प्रारम्भिक बालविकास उमेर भन्नाले गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई जनाउँदछ ।

प्रारम्भिक बालविकास कार्यक्रम: प्रारम्भिक बालविकास कार्यक्रम भन्नाले गर्भावस्थादेखि ८ वर्ष उमेर सम्मका बालबालिकाको विकासका लागि स्वास्थ्यकर्मी, शिक्षक, सहयोगी

नगर प्रमुख



Scanned with CamScanner

कार्यकर्ताहरू, अभिभावक, तथा बालबालिकालाई लक्षित गरिएका कार्यक्रमहरूलाई जनाउँदछ ।

**प्रारम्भिक बाल-शिक्षा तथा विकास:** प्रारम्भिक बाल-शिक्षा तथा विकास भन्नाले ५ वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक, नैतिक र सांस्कृतिक क्षमताहरूको विकास गर्न लक्षित कार्यक्रमलाई जनाउँदछ ।

**प्रारम्भिक बाल-स्याहार तथा शिक्षा:** प्रारम्भिक बाल-स्याहार तथा शिक्षा भन्नाले आमाबुवा तथा अभिभावकको उपस्थिति बिना बालबालिकाको स्याहार र शिक्षा प्रदान गर्ने कार्यलाई समेत जनाउँदछ ।

**बाल कल्याण अधिकारी:** बालबालिका सम्बन्धि ऐन २०७५ को परिच्छेद ६, दफा ६१ मा उल्लेख भए अनुरुप बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा बाल संरक्षण गर्नका लागि व्यवस्था गरिएको व्यक्तिलाई जनाउँदछ ।

**बालबालिका:** बालबालिका भन्नाले प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई जनाउँदछ ।

## १.३ गर्भावस्थामा शिशुको पपपपमहत्वपूर्ण पक्षको विकास

यस समयमा बालबालिकाको मष्तिस्कको विकास अतिनै तिव्र गतीमा हने गर्छ ।

करीब ८ हप्ताको गर्भ भित्रको शिशु



मस्तिष्कको विकास



### १.४ रणनीति योजना निर्माण प्रक्रिया

प्रारम्भिक बालविकासको रणनीतिक योजना निर्माणको क्रममा विभिन्न चरणमा अनौपचारिक छलफल, विचार, विमर्श तथा परामर्श गरिएको थियो । यस रणनीतिको खाका तयारीका लागि स्थानीय तहमा स्वास्थ शाखा, शिक्षा शाखा, योजना शाखा, महिला तथा बाल बालिका शाखा, खानेपानी तथा वातावरण शाखाहरुसँग छलफल गरिएको थियो । यसै गरी महिला स्वास्थ्य स्वयमसेवकाहरु, प्रारम्भिक बालविकास कार्यक्रमका सामाजिक परिचालकाहरु, विद्यालय व्यवस्थापन परिवार समेतसंगको छलफल तथा परामर्स गरिएको थियो । यस खाकामा प्रारम्भिक बालविकासले समेट्नुपर्ने विषयवस्तुहरू (१. राम्रो स्वास्थ्य, २. उचित पोषण, ३. उचित स्याहार तथा हेरचाह, ४. सुंरक्षा तथा संरक्षण, ५. प्रारम्भिक सिकाइका अवसर ६. एकीकृत सेवा) र प्रारम्भिक बालविकासको उमेर समूहहरू (१. गर्भावस्था, २. जन्मदेखि २४ महिना, ३. २४ देखि ३६ महिना, ४. ३६ देखि ६० महिना र ५. ६० देखि ९६ महिना) लाई समावेश गर्नका लागि आवश्यक विधि तयार गरिएको थियो ।

## २. प्रारम्भिक बालविकासको अवस्थाको विश्लेशण

### २.१ बारबर्दिया नगरपालिकाको प्रारम्भिक बालविकासको अवस्थाको विश्लेषण

बाबर्दिया नगरपालिकाको प्रोफाइलको आधारमा ४ वर्ष मुनीका ६,३१२ र ५-९ वर्ष समुहका संख्या ७६४९ रहेको पाइन्छ । यस संख्यालाई हेर्दा प्रारम्भिक बालविकास उमेरका बालवालिका संख्या करिव १४ हजारको हाराहारीमा छन् भन्न सकिन्छ ।

उल्लेखित जनसंख्यालाई स्वास्थ्यसेवा प्रदान गर्न यस नगरपालिका भित्र ११ वटा स्वास्थ्य संस्थाहरु छन् । जसमा नगर अस्पताल १, स्वास्थ चौकी ३ वटा र आधारभूत स्वास्थ्य केन्द ७ रहेका छन् । यी संस्थाहरु मध्ये वडा नम्वर छ रहेको नगर अस्पताल र वडा नम्वर ३, ४ १० मा रहेको स्वस्थ्य केन्द्रहरुमा प्रसुति सेवा रहका छन् । स्वस्थ्य शाखाको अनुसार सबै गर्भवतीले संस्थागत प्रसुति सेवा लिएको पाइन्छ । नियमित यद्यपी यो सेवा नगरपालिका भित्र रहेका ४ वटा प्रसुति सेवा केन्द्र बाहेकका अन्यत्र पनि सेवा लिएका छन् । खोपकेन्द्रहरु ३४ वटा स्थानमा रहेका छन् स्वास्थ्य स्वयंसेकिाहरु रहेका छन् । समुदाय स्तर सम्म सेवा र चेतना दिनको लागि नगरपालिका भरी १३० जना मध्ये ५९ जना महिला स्वास्थ्य स्वयम सेविकाहरुले यस नगरपालिकाको १ देखि ५ नम्वर वडाहरुमा ८४० स्थानमा अभिभावक शिक्षा संचालन गरे भने ५३० स्थानहरुमा स्थानीय सहजकर्ताहरुको सहजिकरणमा संवाद कार्यक्रम संचालन विगत दुई वर्ष देखि भैरहको छ । जुन कार्यक्रम बारबर्दिया नगरपालिकाले प्लान इन्टरनेसनल र थारु महिला उत्थान केन्द्रसंगको सहकार्यमा संचालन भएको हो । जसको कारण बालबालिका प्रति अभिभवकको सकरात्मक चेतना अभिवृद्ध भै वाल स्यहारमा

सकारात्मक भूमिका देखिन थालेका छन् । यति हुँदाहुँदै पनि गुणस्तरीय र सहज सेवाको पहुँच अझै पर्याप्त नभएको अवस्था छ । अधिकांश सेवाहरु कुनै न कुनै तवरले दिइएको देखिन्छ तर विशेष गुणस्रीय र व्यवस्थित हिसावले नभएको पाइन्छ । जस्तै गर्भधारणको लागि तयारी तथा परमर्श केन्द्रको कुरा गर्ने हो भने यसको कुनै डेस्क, केन्द्र केहि छैन । तर आवश्यक परेको बेला स्वास्थ्य कर्मी मार्फत सल्लाह सुझाव पइएको अवस्था छ । गर्भावस्था देखि २/३ वर्ष सम्मका बालबालिकाको हकमा स्वास्थ सम्वन्धि धेरै सेवाहरु प्रदान भैरहेको हामी देख्न सक्छौं । तर स्वास्थ्य सेवा मार्फत भैरहेका सेवाहरुलाई सहजै ढंगबाट प्रारम्भिक बालविकास संग जोड्न भने सहज तरिकाबाट नसकेको देखिन्छ । यस उमेर समुहका बालबालिकालाई उचित स्याहारको अवधारणा अनुसार स्वास्थ्यमा प्रारम्भिक सिकाइ र संवेदनशील स्याहार अर्न्तगत प्रारम्भिक उत्प्रेरणाको महत्वपूर्ण भाग छुटेको हामी सहजै पाउन सक्छौं । समुदाय स्तरमा पूर्ण रुपमा सबै समुदायका मानिसहरु प्रारम्भिक बालविकास बारे जानकारी नभएको देखिन्छ यसको लागि हाल गैर सरकारी संस्थाको सहकार्यमा संचालन भैरहेको संवाद कार्यक्रमहरु व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

४-८ उमेर समुहका ब्रालबालिकाको लागि स्थापना गरिएको प्रारम्भिक बालविकास केन्द्र /कक्षा संचालन न्युनतम मापदण्ड लागु भएको छ । त्यस कक्षामा सिकाइ व्यवस्थापनको लागि एकीकृत पाठ्यक्रम बनेको छ । तर बारबर्दिया नगरपालिकामा भने पूर्णरुपमा कार्यान्वयन हुन नसकेको अवस्था छ । प्रारम्भिक बालविकास केन्द्रका शिक्षकलाई तालिम, खेल समाग्रीको अभाव, अभिभावक शिक्षा कार्यक्रम कमि हुनु, शिक्षकको वैठक संचालन नहुनु जस्तो अवस्थामा बालबालिकाहरुले कम गुणस्तरीय सेवामा चित्त बुझाउनु पर्ने अवस्था छ । यस नगरपालिकामा ४० वटा सामुदायिक विद्यालयमा ९६ वटा बालविकास केन्द्र/कक्षाहरु र ४२ वटामा पहिलो तह (कक्षा १-३)का बालबालिकाका लागि कक्षाहरु संचालनमा रहेका छन् । नीजीं (संस्थागत) विद्यालयहरु १६ वटा संचालनमा रहेका छन् जसमध्ये ३ वटा मा.वि. र १३ वटा आधारभूत विद्यालयहरु रहेका छन् । ती सबै विद्यालयमा ४ देखि ८ वर्ष उमेर समुहका बालबालिकाको लागि नर्सरी, किन्डर गार्टेन कक्षा देखि १-३ कक्षामा प्रदान गरिने शिक्षा रहेको छ । सरकारी या नीजी सबैमा गुणस्तरीय शिक्षाको लागि अनुगमन बृद्धि गर्नुपर्ने देखिन्छ । बालविकास केन्द्र संचालन र प्रत्येक वडामा राष्ट्रिय मापदण्ड पूरा गरेको एक नमुना बालविकास केन्द्र र बाल उद्यान पार्क निमार्ण नभएको अवस्था देखिन्छ ।

प्रारम्भिक बालविकासको क्षेत्रमा विषयगत शाखाहरुबाट छुट्टाछुट्टै कार्यक्रमहरु संचालन भएता पनि गर्भवती एवं प्रारम्भिक उमेरका बालबालिकाको विकासको निम्ति एकिकृत रुपमा कार्यक्रमहरु संचालन गर्नु अपरिहार्य छ । तसर्थ प्रारम्भिक बालविकास रणनीति २०७७-

२०८८ ले प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई स्वास्थ्य, पोषण, सुरक्षा र संरक्षण, बालशिक्षासम्बन्धी सबै सेवाहरू एकीकृतरूपमा उपलब्ध गराई उनीहरूको सर्वाङ्गीण विकास गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । यसका लागि बालबालिकासँग सम्बन्धित सबै सेवा प्रदायकहरूका बीचमा आपसी स्रोतसाधनहरूको परिचालन गर्न समन्वय हुनुपर्ने, कार्यक्रमको दिगोपनाका लागि सम्बद्ध गैरसरकारी संस्था, समुदायमा आधारित संस्थाहरू र स्थानीय सरोकारवालाहरूका बीचमा सहकार्य हुनुपर्ने, स्थानीय तहमा नै आवश्यक स्रोत परिचालन गर्नुपर्ने, केन्द्रीय तहमा सम्बन्धित सबै मन्त्रालयहरू र अन्य संस्थाहरूबाट सहयोग प्राप्त हुनुपर्ने, कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन मूल्याङ्कन गर्न समुदायको संलग्नता हुनुपर्ने, बालबालिकाको विकासमा अभिभावक तथा परिवारको भूमिका महत्वपूर्ण हुनुपर्ने कुरामा जोड दिइएको छ ।

## २.२ प्रारम्भिक बालविकासका चुनौती तथा अवसरहरू

गर्भावस्थादेखि ८ वर्ष उमेरका सबै बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक र भाषिक विकासका लागि एकीकृत प्रारम्भिक बालविकासको अवसर प्रदान गर्नमा चुनौतीहरू रहेका छन् । किनकी अधिकांस सरोकारवाला तथा समुदायको बुझाइमा शिक्षा र त्यसमा पनि साक्षर हुने कुरामा मात्र जोड गरिएको पाइन्छ । तथापी संविधान तथा विद्यमान कानूनले प्रारम्भिक बालविकासलाई महत्व दिनुका साथै तीन दशकदेखि प्रारम्भिक बालविकास सेवाको पहुँच र यसको गुणस्तर वृद्धिका लागि विभिन्न नीति, योजना र कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

### २.२.१ चुनौती

हाल नेपालमा नीतिगत हिसावले प्रारम्भिक बालविकासको राम्रो काम भएको देख्न सकिन्छ । तथापी व्यवहारिक रुपबाट बालबालिकाले जति हुनुपर्ने त्यो भएको देखिदैन, । जसरी नेपाल सरकारले तोकेको नीति तथा मापदण्डमा आधारित रहि बारबर्दिया नगरपालिकाले पनि प्रारम्भिक बालविकासको क्षेत्रमा विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । तर बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै प्रकारका सेवाहरू एकीकृत रूपमा सुनिश्चित हुन सकिराखेको छैन । बालबालिकाले पाउने सेवाहरूमा एकरूपता र गुणस्तरमा अपेक्षित उपलब्धि हाँसिल नहुनु आदि चुनौतीहरू रहेका छन् ।

नगर प्रमुख



Scanned with CamScanner

(क) नीति तथा कानूनको व्यवस्था:

नेपालमा प्रारम्भिक बालविकासका सन्दर्भमा महत्वपूर्ण संवैधानिक तथा नीतिगत व्यवस्थाहरू रहेका र तिनले प्रारम्भिक बालविकास उमेरका बालबालिकाको समुचित विकासलाई प्राथमिकता दिएका छन् । यद्यपि हाल भएका ऐन, कानूनका व्यवस्थाहरू गुणस्तरीय एकीकृत प्रारम्भिक बालविकासका कार्यक्रम सञ्चालन गर्न पर्याप्त छैनन् भने बारबर्दिया नगरपालिकामा प्रारम्भिक बालविकास सम्बन्धि नीति तथा निर्देशिका निमार्ण र कार्यान्ववयनमा ल्याउन तथा भएका व्यवस्थाहरु कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

(ख) गुणस्तरीय सेवाको पहुँच

प्रारम्भिक बालविकासको उद्देश्य सबै बालबालिकालाई सर्वाङ्गीण विकासको अवसर प्रदान गर्नु हो । लिङ्ग, भूगोल, जातियता, अपाङ्गता वा आर्थिक हैसियत जस्ता कुनै पनि कारणले बालबालिकाले पाउने प्रारम्भिक बालविकासका लागि आवश्यक सेवाहरू प्रभावित हुनुहुँदैन । तथापि प्रारम्भिक बालविकास्को कार्यक्रमको नाममा मुख्यत: बालविकास केन्द्रहरू सञ्चालन भैरहेका छन् भने प्रारम्भिक उमेरका सबै बालबालिकाको लागि आवश्यक स्वास्थ्य, खोप, पोषण, सरसफाइ तथा शुद्ध पिउने पानी आदिको अवस्था पहिचान गरी सबै सेवाहरू एकीकृत रूपमा सुनिश्चित गर्न सकिएको छैन ।

(ग) बालबालिका, अपाङ्ग र लैङ्गिकमैत्री पूर्वाधार

प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासको अवसर सुनिश्चित गर्न पर्याप्त पूर्वाधारको आवश्यकता पर्दछ । गर्भावस्थाको परीक्षणदेखि सुरक्षित जन्म गराउन सुविधा सम्पन्न प्रसूति केन्द्र तथा बालबालिकाको लागि सुरक्षित स्याहार तथा विकास केन्द्रहरू सञ्चालन गरिनुपर्दछ । तर हाल सञ्चालनमा रहेका बालबालिका तथा गर्भवती महिलाका लागि सेवा प्रदान गर्ने संस्थाहरूमा बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री, सुरक्षित तथा पर्याप्त पूर्वाधारहरूको कमि छ । साथै यी वर्गका लागि सेवा प्रवाह गर्ने सबै संघसंस्था र निकायहरूबाट प्रवाह हुने सेवाको मापदण्ड तयार गरिएको छैन ।

(घ) प्रभावकारी समन्वय र सहकार्य

प्रारम्भिक बालविकास कार्यक्रम आफैंमा बहुपक्षीय कार्यक्रम हो । तसर्थ, एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमका लागि बहुपक्षीय समन्वय र सहकार्य अपरिहार्य हुन्छ । बालविकास केन्द्र तथा प्राथमिक विद्यालयमा जाने बालबालिकाको स्वास्थ्य परीक्षण तथा पोषणको

नगर प्रमुख



Scanned with CamScanner

व्यवस्थापनमा सम्बन्धित विषयगत निकायहरूबीच समन्वय हुन सकेको छैन भने विद्यालयमा नै यस्तो सेवाको सुनिश्चितता गर्न सकिएको छैन ।

(ङ) गर्भवती महिला र बालबालिका केन्द्रित विपद् व्यवस्थापन नीति

कुनै पनि आपत, विपद् वा प्रकोपमा जहिले पनि बालबालिका र गर्भवती महिलाहरू नै बढी जोखिममा पर्ने गरेका छन् । नेपालमा विपद् पूर्वतयारी तथा व्यवस्थापन योजना सुरू गरिएको भएतापनि समग्र बालबालिका तथा महिलाको सुरक्षा र संरक्षणका विषयलाई सम्बोधन गर्न स्रोत व्यवस्थापनमा अपर्याप्त छ । साथै जोखिममा परेका बालबालिकाको लागि आश्रयस्थल, बालगृह तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाका लागि आपतकालीन गुणस्तरीय सेवाको अभाव छ ।

(च) संस्थागत र संरचनागत संयन्त्र निर्माण तथा व्यवस्थापन

प्रारम्भिक बालविकास कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी रूपमा सञ्चालन गर्न संस्थागत तथा संरचनागत संयन्त्र निर्माण तथा व्यवस्थापन आवश्यक छ । यसका लागि विभिन्न संस्था, निकायबाट कार्यक्रम सञ्चालन गरिएको भएतापनि यस्ता कार्यक्रमको गुणस्तरीयता, एकरूपता तथा दिगो व्यवस्थापन गर्ने कुनै एउटा निश्चित निकाय छैन ।

(छ) स्रोतको पर्याप्तता तथा प्रभावकारी व्यवस्थापन गुणस्तरीय

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनका लागि दिगो आर्थिक स्रोतको महत्वपूर्ण स्थान भएतापनि यसको लागि पर्याप्त आर्थिक लगानी हुन सकेको छैन । हाल बालविकास कार्यक्रममा विषयगत मन्त्रालय मार्फत् गरिएको सीमित लगानीमा पनि एकरूपता र सो अनुसारको प्रतिफल प्राप्त हुनसकेको छैन । प्रारम्भिक बालविकासको सेवा प्रदान गर्न अभिभावक तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गर्भवती महिला र बालबालिकासँग काम गर्ने मानव स्रोतमा बालविकास र बाल आवश्यकतासम्बन्धी पर्याप्त ज्ञान हुनुपर्दछ । हाल गर्भवती महिला र बालबालिकासँग कार्यरत मानव स्रोत पर्याप्त छैनन् र जो कार्यरत छन् उनीहरूमा पनि पर्याप्त ज्ञान, सीप, क्षमता र दक्षतामा कमि रहेको पाईन्छ ।

(ज) अध्ययन, अनुसन्धान र प्रकाशन

प्रारम्भिक बालविकासको क्षेत्रमा सञ्चालित कार्यक्रमहरूलाई समयसापेक्ष सुधार गर्न तथा नयाँ कार्यक्रम तथा पद्धतिहरूको निर्माण गर्न पनि अध्ययन अनुसन्धान महत्वपूर्ण हुन्छ । यस क्षेत्रमा अध्ययन, अनुसन्धान र प्रकाशन असाध्यै न्यून रहेको छ । नेपालमा पुस्तौंदेखि रहिआएको प्रारम्भिक बालविकाससम्बन्धी परम्परागत ज्ञान, सीप र सकारात्मक

नगर प्रमुख

क्रियाकलापहरूलाई निरन्तरता दिने अभ्यासको अभिलेखीकरण तथा सो बारेमा अध्ययन तथा प्रकाशन भएका छैनन् । साथै, संसारका विभिन्न देशमा गरिएका नयाँ ज्ञानका अभ्यासहरूको प्रयोगमा पनि पर्याप्त अध्ययन अनुसन्धान भएको छैनन् ।

(झ) तथ्याङ्क सङ्कलन तथा अद्यावधिकीकरण

गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाले प्राप्त गर्ने सेवाको सूचना तथा तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्दै बालबालिकासम्बन्धी तथ्याङ्क (डाटाबेस) तयार गरी अनिवार्य प्रयोगमा ल्याउनु जरूरी छ । हाल नेपालमा प्रारम्भिक बालविकास उमेरका (८ वर्ष मुनीका) बालबालिकाको संख्या सहजै पाउने अवस्था छैन । उनीहरूका लागि सञ्चालित कार्यक्रमहरू तथा उनीहरूले पाउने सेवा तथा कार्यक्रमको विस्तृत जानकारी एकै स्थानबाट उपलब्ध छैन । फलतः सेवाको विस्तारमा, गुणस्तर अभिवृद्धिमा तथा अनुगमनमा समेत समस्या रहेको छ ।

## २.२.२ अवसर

अधिराज्यभर प्रारम्भिक बालविकासको सेवा वृद्धि भए संगै बारबर्दिया नगरपालिकामा पनि सेवाहरू क्रमिक रूपमा विस्तार हुँदै आइरहेका छन् । हाल विभिन्न नामबाट प्रारम्भिक बालविकासका कार्यक्रमहरू सञ्चालित भएको पाइन्छ । सुनौला हजार दिन, बहुक्षेत्रीय पोषण कार्यक्रम, अभिभावक शिक्षा, दिवा शिशु स्याहार केन्द्र, शिशु विकास केन्द्र, नर्सरी कक्षा, किण्डरगार्टेन, मन्टेश्वरी, विद्यालय तथा समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र र पूर्व प्राथमिक कक्षा आदि नामबाट विभिन्न कार्यक्रमहरू, सरकारी निकाय, गैरसरकारी सघंसंस्थाहरू र निजी क्षेत्रको संलग्नतामा सञ्चालन हुँदै आएका छन् । यी कार्यक्रमहरूका अतिरिक्त बालबालिकाको स्वास्थ्य, पोषण र सुरक्षासम्बन्धी जनचेतना कार्यक्रमहरू समेत प्रदान गरिदै आएका छन् । प्रारम्भिक बालबिकास उमेरका बालबालिकामा गरिएको अध्ययन तथा छलफलबाट प्राप्त सुझावहरू समेतको आधारमा निम्नानुसारका अवसरहरू पहिचान गरिएका छन् ।

(क) संवैधानिक व्यवस्था

नेपालको संविधानले प्रारम्भिक बालविकास र सहभागिताको हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ । त्यसैगरी संविधानले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हकको प्रत्याभूत गरेको छ । संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हक र धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकबारे उल्लेख गरिएका छन् । स्वास्थ्यसम्बन्धी हकअन्तर्गत

नगर प्रमुख



Scanned with CamScanner

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र कोही पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित हुन नपर्ने प्रावधान रहेको छ । प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हकका साथै प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच तथा स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक प्रदान गरिएको छ । त्यस्तै, संविधानको धारा ३९ को उपधारा २ मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने कुरा उल्लेख गरिएको छ भने उपधारा ३ मा प्रत्येक बालबालिकाको प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक सुनिश्चित गरिएको छ ।

(ख) कानूनी तथा नीतिगत व्यवस्था

नेपालमा कानूनी तहमा प्रारम्भिक बालविकाससम्बन्धी महत्वपूर्ण प्रावधानहरू समेटिएका छन्। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५, बालबालिकासंम्बन्धी ऐन, २०७५ मा प्रारम्भिक बालविकाससम्बन्धी कानूनी प्रावधान रहेका छन् । पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, विद्यालय क्षेत्र विकास योजना (२०७३-२०८०), बहुक्षेत्रीय पोषण योजना, दोस्रो (२०७५र७६-२०७९र८०) र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी प्रावधानहरू समेटिएका छन् ।

(ग) कार्यक्रमगत व्यवस्था

नेपालमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत गर्भवती महिला, नवजात शिशु तथा बालबालिकाको स्वास्थ्य स्थितिमा आवश्यक सुधार ल्याउन स्वास्थ्य तथा पोषणसंम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन भईरहेका छन् । यस अन्तर्गत सञ्चालित खोप कार्यक्रमहरूमार्फत् बालबालिकालाई रोगहरूबाट बचाउन सकिएको छ भने पोलियो जस्ता महामारी रोगलाई पूर्णतः उन्मुलन गरिएको छ । गर्भावस्थाका महिलाहरूको चौथौं, छैठौं, आठौं र नवौं महिनामा गरी चार पटक गर्भवतीको स्वास्थ्यको जाँचलाई अहिले पुन प्रत्येक महिना अर्थात ८ पटक जाँच गर्ने , रक्तअल्पताबाट जोगाउन आइरन, फोलिक एसिडको वितरण, शिशुको सुरक्षित जन्मको लागि स्वास्थ्य संस्थामा सुत्केरी गराउने सुविधा तथा प्रोत्साहन भत्ताको व्यवस्था र शिशुको जन्मपछिको अवस्थामा स्वास्थ्य जाँचमा प्रोत्साहनको व्यवस्था गरेको तथा कतिपय स्थानीय तहहरूमा लैङ्गिक हिंसामा कमी ल्याउनका लागि छोरी जन्मिदा प्रोत्साहन भत्ता दिने गरिएको छ । यी विभिन्न कार्यक्रमले गर्दा सुरक्षित प्रसूति गर्ने अभ्यासमा वृद्धि भएको छ । बारबर्दिया नगरपालिका अर्न्तगतका स्वास्थ्य चौकी वा संस्थामा सुत्केरी गराउने र नियमित जाँचको लागि आउनेहरूको लागि १००० देखी १८०० सम्म यात्रा खर्च उपलब्ध गराउने व्यवस्था छ । बहुपक्षिय पोषण कार्यक्रम अन्तर्गत स्वस्थ्य

नगर प्रमुख

शाखाको समन्वयमा पशु शाखाबाट गर्भवतीहरूलाई अण्डा वितरण गरेको छ त्यसै गरी अण्डा तथा मासु उत्पादनको लागि कुखुराको चल्ला वितरण गरिएको छ । भने कुषी शाखाले विउविजन र विषादी प्रयोग नगर्न सचेतना कार्यक्रम मार्फत बालबालिकाको सुरक्षा र संरक्षणका लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा अन्तर्गत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यसका लागि बालबालिकासम्बन्धी ऐन, २०७५ अनुसार, अभिभावकविहिन बालबालिकाका लागि आवासीय बालगृहको व्यवस्था गरेको र यसका लागि आवश्यक मापदण्डसहितको निर्देशिका तर्जुमा गरी लागू गरिएको छ । यसै गरी बालबालिकाको जन्मदर्ता र प्रोत्साहन भत्ताले पनि बालबालिकाको संरक्षणमा सघाउ पुगेको छ । जोखिम परिस्थितिमा रहेका बालबालिकाको उद्धारका लागि बाल हेल्पलाइन १०९८ को सञ्चालन गर्नुका साथै अल्पकालीन आश्रयस्थलहरूको व्यवस्था गरिएका छन् । बालबालिका खोजतलास तथा समन्वय केन्द्र निःशुल्क हेल्पलाइन फोन नं. १०४ मा पनि समन्वय भइरहेको छ ।

३.रणनीतिका आधार र मान्यताहरु

३.१ रणनीतिका आधार

**क. बहुपक्षीय संलग्नता**

प्रारम्भिक बालविकासको लागि नगरपालिकाको योजना सामाजिक विकास शाखाको नेतृत्वमा र सम्बन्धित सबैको सहकार्यमा बहुपक्षीय सेवाहरु एकीकृत कार्यक्रमको रूपमा कार्यान्वयन गरिनेछ ।

**ख. प्रारम्भिक बालविकासको अधिकार**

प्रारम्भिक बालविकास बालअधिकार नैसर्गिक अधिकार भएकोले बालबालिकाका सम्बन्धि नीति, योजना कार्यक्रम बालअधिकारमा आधारित हुनेछन् । बालबालिकाको लागि गरिने क्रियाकलाप बालबालिकाको सर्वोत्तम हित र सिद्धान्तलाई सर्वोपरी राखी गरिनेछ ।

**ग. मानव जीवनचक्रमा आधारित**

बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक , बौद्धिक र आध्यात्मिक विकास र प्रारम्भिक सिकाइ उनीहरूको उमेरअनुसार (गर्भावस्थादेखि जन्म, जन्मदेखि चौबिस महिना, २४ देखि ३६ महिना, ३६ देखि ६० महिना तथा ६० देखि ९६ महिना) को आवश्यकतालाई मध्यनजर राखेर कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ ।

नगर प्रमुख

घ.स्थानिय परिवेश
बाल बालिका हुर्कने भौगोलिक, वातावरणीय, मौलिक संस्कृति मैत्री / सुहाउँने सेवा विकास र कार्यान्वयन गरिनेछ।

३.२ आधारभूत मान्यताहरू
प्रारम्भिक बालविकासका लागि रणनीतिक योजना तर्जुमा गर्दा निम्न प्रमुख मान्यताहरूलाई आत्मसात गरिएको छ:

(क) प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई उमेर, लिङ्ग, क्षमता, अपाङ्गता, पारिवारिक स्थिति, जातजातीयता, वर्ग, धार्मिक आस्था, आर्थिक अवस्था, सामाजिक साँस्कृतिक अवस्था, राजनीतिक आस्था र भूगोलको आधारमा विना भेदभाव सर्वाङ्गीण विकासको अवसर प्रत्याभूत गरिनेछ।

(ख) प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वोत्तम हित अनुकूल संरक्षण, बचावट, सहभागिता र विकास गर्ने वातावरण तयार गर्दै बालअधिकारको सुनिश्चितता गरिनेछ।

(ग) प्रत्येक प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई आफ्नो उमेर, क्षमता र आवश्यकताको आधारमा पूर्ण क्षमताको विकास गर्ने अवसरको प्रत्याभूति गरिनेछ।

(घ) प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासलाई सहयोग पुग्ने वातावरण तयार गरिनेछ।

(ङ) दिगो र गुणस्तरीय सेवाको सुनिश्चितता गर्ने जिम्मेवारी आमाबुबा, परिवार, अभिभावक, समुदाय र राज्यको हुनेछ।

(च) स्थानीय तथा परम्परागत राम्रा प्रचलनको प्रवर्द्धन र समाजमा रहेका रुढीवादी परम्परा र प्रचलन पहिचान गरी त्यसलाई निरूत्साहित गर्दै बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै सेवाहरू एकीकृत रूपमा प्रवाह गरिनेछ।

(छ) बालबालिकामा हुने लैङ्गिक विभेद पहिचान गरी सोको न्यूनीकरण गर्दै कार्यक्रम सञ्चालन गरिनेछ।

(ज) बालवालिकालाई जिम्मेवार र प्रतिष्ठित नागरिक सरह सम्मान गर्दै अनुशासित र जिम्मेवार नागरिक बनाइनेछ। विभिन्न अध्ययन तथा यस रणनीति तर्जुमाका लागि भएका परामर्शका आधारमा नेपालका सबै बालबालिकाको प्रारम्भिक बालविकास सुनिश्चित गर्न वालवालिका तथा परिवारका लागि आधारभूत सेवाहरू पहिचान गरिएका छन्। यसमध्ये धेरै उपयोगमा आईरहेको भएतापनि तिनीहरूको गुणस्तरका लागि थप काम गर्नुपर्ने देखिन्छ।

नगर प्रमुख



Scanned with CamScanner

साथै, केही नयाँ सेवाहरू पनि उपलब्ध गराउनु पर्ने देखिन्छ । प्रारम्भिक बालविकासको समग्र प्रभाव त्यस बेला बढी हुन्छ जुन कार्यक्रमले स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षण, शिक्षा र खानेपानी तथा सरसफाई सम्बन्धी सबै सेवाहरू एकीकृत रुपमा सबैबालबालिकालाई प्रदान गरिन्छ ।

## ३.३ प्रारम्भिक बालविकास सम्बन्धी आधारभूत सेवाहरू

बालबालिकाको उमेर अनुसारको आवश्यकता फरक हुन्छ । गर्भावस्था देखि नै बालबालिकालाई सर्वाङ्गीण विकासको अवसर सुनिश्चित गर्न पोषण, स्वास्थ्य, स्याहार, संरक्षण र सिकाईका एकीकृत सेवाहरू प्रदान गर्नुपर्दछ । प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरूलाई उमेर अनुसार प्रवाह गर्नुपर्ने सेवाहरू निम्नानुसार रहेका छन्

**नगरपालिका**

- सबै बालबालिकाको जन्म दर्ता भएको हुने ।
- एकीकृत प्रारम्भिक बालविकासकालागि एकीकृत तथ्याङ्कको प्रवर्द्धन भएको हुने ।
- विपद् न्यूनीकरण तथा व्यवस्थापनमा प्रारम्भिक उमेरका बालबालिका तथा गर्भवती महिलाकालागि विशेष व्यवस्था भएको हुने ।
- बाल सुरक्षा र संरक्षण प्रणाली सुदृढीकरण भएको हुने ।
- विपद् व्यवस्थापनको पूर्वतयारी गरी विपद्बाट हुने हानी नोक्सानीमा कमी भएको हुने

शिक्षा

- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर प्राप्त भएको हुने ।
- सबै प्रारम्भिक बालविकास उमेरका बालबालिकाको लागि प्रारम्भिक बालविकास तथा सिकाइको मापदण्ड र पाठ्यक्रम लागू भएको हुने ।
- प्रारम्भिक बालविकास सेवाहरूको गुणस्तर कायम गर्न आवश्यक दक्ष मानव स्रोत परिचालित भएको हुने ।
- बाल-केन्द्रित, बालमैत्री र बालअधिकारमा आधारित प्रारम्भिक बालविकास सेवाहरूमा बालबालिकाको पहुँच वृद्धि भएको हुने ।
- अभिभावक तथा परिवारका सदस्यहरूको बालबालिकाप्रति गरिने व्यवहारमा सुधार भई बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुगेको हुने ।

नगर प्रमुख



Scanned with CamScanner

स्वास्थ्य तथा पोषण

- गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको स्वास्थ्यमा सुधार भई मातृ तथा बालमृत्युदर नहुने ।
- बालबालिकामा हुने रोग तथा स्वास्थ्य समस्याहरूमा कमी आएको हुने ।
- शिशु तथा बाल्यावस्थामा हुने रोगको रोकथाम र व्यवस्थापन गर्ने सेवाको पहुँचमा वृद्धि भएको हुने ।
- गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाले पूर्ण खोप लिएको हुने ।
- मानसिक स्वास्थ्य सेवामा गर्भवती र सुत्केरी महिलाको पहुँच र गुणस्तरीय सेवाको उपभोगमा सुधार भएको हुने ।
- आधारभूत तहका कक्षा ३ सम्मका बालबालिकाका लागि विद्यालयमा स्वास्थ्य सेवा उपलब्ध भएको हुने ।
- गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको खाद्य तथा पोषण सुरक्षाको स्थितिमा सुधार भएको हुने ।
- भौगोलिक तथा आर्थिक रूपमा सीमान्तकृत परिवारमा रहेका गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको खाद्य तथा पोषण सुरक्षाको स्थितिमा सुधार भएको हुने ।
- बाबुआमा, अभिभावक तथा परिवारका सदस्यहरूको पोषणसम्बन्धी ज्ञान तथा सीपमा वृद्धि भई पोषणयुक्त खानाको पहुँच तथा उपभोगमा सुधार भएको हुने ।

खानेपानी तथा सरसफाइ

- सुरक्षित खानेपानीको पहुँचमा वृद्धि भएको हुने ।
- बालमैत्री शौचालयको प्रयोगमा वृद्धि भएको हुने ।
- व्यक्तिगत तथा वातावरणीय सरसफाइसम्बन्धी व्यवहारमा सुधार भएको हुने ।
- पानीको शुद्धीकरणसम्बन्धी ज्ञान र सीपमा वृद्धि हुनुका साथै व्यवहारमा सुधार भएको हुने

महिला, बालबालिका तथा जेष्ठ नागरिक

- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकास तथा स्याहारको अवसर प्राप्त भएको हुने ।



नगर प्रमुख

- प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सुरक्षा, संरक्षण र बालविकास तथा सिकाइ पद्धतिको सुदृढीकरण भएको हुने ।
- किशोरी अवस्थामा हुने गर्भधारण संख्यामा न्यूनीकरण भएको हुने ।
- स्थानीय तहका संयन्त्रहरूबाट बालबचावट, सुरक्षा र संरक्षणमा सुधार भएको हुने ।
- अभिभावक, सहजकर्ता, शिक्षक र अन्य वयस्कहरूमा बालअधिकार र विकाससम्वन्धी व्यवहारमा परिवर्तन आई बालबालिकाप्रति हुने शारीरिक तथा मानसिक हिंसा (शोषण, दूर्व्यवहार, हिंशा, हेपाइ, विभेद) मा कमी भएको हुने ।
- अभिभावक तथा परिवारको व्यवहारमा परिवर्तन आई सकारात्मक अभिभावकत्वमा वृद्धि भएको हुने ।
- अपाङ्गता भएका गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिका लक्षित सेवाको पहुँचमा वृद्धि भएको हुने ।
- परिवार तथा समूदायको संलग्नतामा वृद्धि भएको हुने ।

यस रणनीतिमा बारबर्दिया नगरपालिकाको प्रारम्भिक बालविकास उमेरका सम्पूर्ण बालबालिकाको सर्वाङ्गीण विकासका लागि निम्नानुसारको दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरू निर्दिष्ट गरिएका छन् र यस पालिकाले सोही अवलम्बन गर्नेछ ।

## ४.प्रारिम्भक बालविकास रणनीति

यस रणनीतिमा बारबर्दिया नगरपालिकाको प्रारम्भिक बालविकास उमेरका सम्पूर्ण बालबालिकाको सर्वाङ्गीण विकासका लागि नम्नानुसारको दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरू निर्दिष्ट गरिएका छन् ।

### ४.१ दूरदृष्टि

सबै प्रारम्भिक उमेरका बालंबालिकाको सर्वाङ्गीण बिकास सुनिश्चित गरी सक्षम तथा दक्ष मानव स्रोत विकास ।

### ४.२ लक्ष्य

वि.सं. २०८४ सम्ममा गर्भावस्था देखि ८ वर्षसम्मका सबै बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गरिनेछ ।

नगर प्रमुख



Scanned with CamScanner

नगर प्रमुख

४.३ उद्देश्य

१. सर्वाङ्गीण विकासको लागि गर्भावस्थादेखि ८ वर्षसम्मका सबै बालबालिकालाई उमेरअनुसार लक्षित एवं गुणस्तरीय सेवा एकीकृत रुपमा प्रदान गर्नु ।

२. एकीकृत प्रारम्भिक बालविकासका लागि कानूनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण गर्नु ।

३. एकीकृत प्रारम्भिक बालविकासको प्रभावकारी सेवा पुर्याउन दक्ष मानव तथा आर्थिक स्रोत सुनिश्चित गर्नु ।

४. बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु ।

५. विशेष संरक्षण आवश्यकता भएका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि लक्षित रुपमा एकीकृत एवं गुणस्तरीय सेवाको पहुँच विस्तार गर्नु ।

४.४ रणनीति

माथि उल्लेखित उद्धेश्य हासिल गर्नका लागि देहायका रणनीति अवलम्बन गरिनेछन् :

४.४.१ उद्धेश्य १ सँग सम्बन्धित रणनीति

(क) प्रारम्भिक बालविकासका लागि उमेरगत रूचि, क्षमता तथा आवश्यकता अनुसारको लैङ्गिकमैत्री, बालमैत्री, समावेशी, समतामूलक र गुणस्तरीय सेवा प्रवाह गर्ने ।

(ख) प्रारम्भिक बालविकासका लागि उमेर र सेवा अनुरूपको आवश्यक निर्धारित न्यूनतम मापदण्डकार्यान्वयन गर्ने ।

(ग) गुणस्तरीय र प्रभावकारी प्रारम्भिक बालविकास सेवाका लागि सूचना व्यवस्थापनको सुदृढीकरण, अनुगमन, मूल्याङ्कन र अनुसन्धान प्रणाली स्थापित गर्ने ।

(घ) लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गतामैत्री पूर्वाधार सुनिश्चित गर्ने ।

४.४.२ उद्धेश्य २ सँग सम्बन्धित रणनीति

(क)स्थानीय तहमा प्रारम्भिक बालविकासका राष्ट्रिय रणनीति २०७७ - ८८ को आधारमा यस गा.पा.का. रणनीति तयार नयाँ नीति तथा निर्देशिका तर्जुमा गर्ने ।

(ख) प्रारम्भिक बालविकासका लागि सम्बन्धित सबै निकायको प्रतिनिधित्व हुनेगरी संयन्त्र निर्माण गर्ने ।

(ग) स्थानीयका सबै तहमा एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम तथा गुणस्तरीय सेवा प्रवाह गर्न आपसी समन्वय, सहकार्य र सहयोग सुनिश्चित गर्ने ।

नगर प्रमुख



Scanned with CamScanner

(घ) विपद् पूर्वतयारी योजनामा गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाका लागि सुरक्षा संरक्षण सहितको विशेष व्यवस्था गर्ने ।

४.४.३ उद्धेश्य ३ सँग सम्बन्धित रणनीति

(क) प्रारम्भिक बालविकासलाई प्राथमिकतामा राखेर एकीकृत योजना र कार्यक्रम तर्जुमा तथा बजेट विनियोजन गर्ने ।
(ख) गैरसरकारी संस्था, आम सञ्चार, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकासमा सहयोग, सहकार्य तथा लगानी गर्न प्रोत्साहन गर्ने ।
(ग) विकास साझेदारलाई यस क्षेत्रमा सहयोग बढाउन प्रोत्साहन गर्न सकिने ।
(घ) प्रारम्भिक बालविकासका लागि आवश्यक मानव स्रोतको प्रक्षेपण तथा विकासका लागि मानव स्रोत योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
(ङ) प्रारम्भिक बालविकासको क्षेत्रमा हाल कार्यरत मानव स्रोतको उत्प्रेरणा तथा सक्षमता अभिवृद्धि गर्ने ।

४.४.४ उद्धेश्य ४ सँग सम्बन्धित रणनीति
(क) सेवा प्रवाहमा परिवार तथा समुदायको सहभागिता, संलग्नता र जिम्मेवारी अभिवृद्धि गर्ने ।
(ख) प्रारम्भिक बालविकासको लागि आमसञ्चार माध्यमसँग सहकार्य गर्ने ।
(ग) बालबालिका हुर्काउने (लालनपालन, सिकाइ, सुरक्षा, स्वास्थ्य, पोषण) असल स्थानीय चलनको निरन्तरताको लागि प्रोत्साहनको व्यवस्था गर्ने ।

४.४.५ उद्धेश्य ५ सँग सम्बन्धित रणनीति
(क) विशेष संरक्षणको आवश्यकता भएका गर्भवती महिला तथा बालबालिकाको प्रारम्भिक बालविकासको अवसर सुनिश्चितताको लागि समन्वय, सहकार्य र सहयोग सुनिश्चित गर्ने ।
(ख) भौगोलिक रुपमा दुर्गम स्थानमा रहेका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्ने ।

४.५ कार्यनीति
माथि उल्लेखित रणनीतिको कार्यान्वयनका लागि तपसिलअनुसारको कार्यनीतिहरू अवलम्बन गरिनेछन्।

नगर प्रमुख

१) रणनीति ४.४.१ सँग सम्बन्धित

(क) प्रारम्भिक बालविकासका लागि उमेरगत रूचि, क्षमता तथा आवश्यकता अनुसारको लैङ्गिकतामैत्री, बालमैत्री, समावेशी, समतामूलक र गुणस्तरीय सेवा प्रवाह गर्ने ।

१ सबै बालबालिकाको सर्वाङ्गीण विकासमा पहुँच पुर्याउन स्थानीय परिवेश अनुरुप आवश्यकताको आधारमा घरमा आधारित, समुदायमा आधारित, विद्यालयमा आधारित एवं कार्य क्षेत्रमा (उद्योग, कलंकारखाना) आधारित गुणस्तरीय प्रारम्भिक बालविकासका कार्यक्रमहरू क्रमश: सञ्चालन गरिनेछन्|

२. सबै प्रकारका प्रारम्भिक बालविकास सेवाहरू (स्वास्थ्य, खोप, पोषण, उत्प्रेरणा, खेल आदि) एकीकृत रूपमा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

३.गर्भवती तथा नवसुत्केरी महिला र प्रारम्भिक बालविकास उमेरका बालबालिकाको मानसिक स्वास्थ्य र स्याहारसम्बन्धी परामर्श तथा उपचारको विशेष व्यवस्था गरिनेछ ।

४. प्रारम्भिक बालविकास तथा शिक्षा पाठयकम २०७७ कार्यन्वयनका लागी सुनिश्चित गरिनेछ ।

५. प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई पोषणयुक्त खानाको व्यवस्था गरिनेछ ।

६. बालविकास केन्द्र, विद्यालय, स्वास्थ्य सेवा केन्द्र तथा बालसंरक्षण गृहहरूमा अस्वस्थकर खाना (jank food) निषेध गर्ने नियम बनाइ लागू गरिनेछ ।

७. बालविकास केन्द्रबाट कक्षा १ मा जाने बालबालिकाको लागि विद्यालय समायोजन कार्यक्रम सञ्चालन गरिनेछ । ५ देखि ८ बर्षका बालबालिका (कक्षा १-३) का लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७) अनुसार प्रयोगात्मक अभ्यास, खेल तथा अवलोकन विधि प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ । यी बालबालिकाको स्वास्थ्य, पोषण, सुरक्षा र संरक्षणका सेवाहरूको सुनिश्चितताका लागि विद्यालय वा बालविकास केन्द्र मार्फत सेवा प्रवाहको व्यवस्था गरिनेछ ।

८. प्रारम्भिक बालविकास उमेरका बालबालिकाको लागि कार्यक्रम सञ्चालन गर्दा पहिलो भाषामा (मातृभाषा) सहजीकरणको व्यवस्था गरिनेछ ।

९. प्रारम्भिक बालविकासको पाठ्यक्रमको ढाँचामा रही स्थानीय पाठ्यक्रम तथा शैक्षिक सामग्री परिमार्जन तथा विकास गरिनेछ ।

१०. प्रारम्भिक बालविकास उमेरका विद्यालय जाने बालबालिकाको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ ।

(ख) प्रारम्भिक बालविकासका लागि उमेरगत सेवा अनुरूपको आवश्यक न्यूनतम मापदण्ड निर्धारण गर्ने ।
१. गर्भवती महिला तथा बालबालिका सम्बन्धी सेवा प्रदायक संस्था (परिवार, स्वास्थ्य केन्द्र, बालविकास केन्द्र, विद्यालय आदि) को न्यूनतम मापदण्ड अनुसार लागू गरिनेछ ।
२. न्युनतम मापदण्डको आधारमा कार्यक्रम सञ्चालन भए नभएको सुपरिवेक्षण गरिनेछ र आवश्यकता अनुसार तिनीहरूको सुधार गरिनेछ ।
३. बालबालिकाको उमेरगत विकास र सिकाइ मापदण्ड अनुसार लागू गर्न संयन्त्र तयार गरिनेछ ।
४. गर्भवती महिला तथा बालबालिकाको लागि आवश्यक सेवाहरूको न्यूनतम मापदण्ड अनुसार कार्यन्वयन गरिनेछ ।

ग) गुणस्तरीय र प्रभावकारी प्रारम्भिक बालविकास सेवाका लागि सूचना व्यवस्थापनको सुदृढीकरण, अनुगमन, मूल्याङ्कन र अनुसन्धान प्रणाली स्थापित गर्ने ।
१. प्रारम्भिक बालविकाससम्बन्धी हाल भएका कार्यक्रमहरूको अवस्था विश्लेषण, तथ्याङ्क सङ्कलन तथा नक्साङ्कन गरी आवश्यकताको आधारमा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।
२. एकीकृत प्रारम्भिक बालविकाससम्बन्धी स्थानीय र परम्परागत अभ्यासहरूको अनुसन्धान गरी उपयुक्त अभ्यासहरूको संरक्षण, प्रवर्द्धन र परिमार्जन गरिनेछ । साथै, यस क्षेत्रमा थप अनुसन्धान गर्न प्रोत्साहन गरिनेछ ।
३. गुणस्तरीय र प्रभावकारी प्रारम्भिक बालविकास सेवाका लागि अनुगमनका सूचकहरू तयार गरी लागू गरिनेछ ।
४. एकीकृत प्रारम्भिक बालविकाससम्बन्धी सूचना व्यवस्थापन तथा सुदृढीकरण गरिनेछ ।
५. बालबालिकाको खण्डीकृत (उमेरगत, लैङ्गिक, अपाङ्गता) तथ्याङ्क सङ्कलन तथा अद्यावधिकगरिनेछ ।
६. सहज जन्मदर्ताको व्यवस्था गर्ने तथा व्यक्तिगत परिचय पत्रको आधारमा जन्मदेखि नैबालबालिकाको निरन्तर अनुगमन गरी आवश्यक सेवा सुविधाको योजना बनाइनेछ ।

घ) लैङ्गिकतामैत्री, बालमैत्री, अपाङ्गतामैत्री पूर्वाधार सुनिश्चित गर्ने ।
१. एकीकृत प्रारम्भिक बालविकासको लागि उपयुक्त पूर्वाधारहरू (बालउद्यान, दिवा शिशु स्याहार तथा विकास केन्द्र, अस्थायी संरक्षण सेवा केन्द्र, बालविकास केन्द्र, प्रसुती केन्द्र) आदिको विकास गरिनेछ ।

नगर प्रमुख



Scanned with CamScanner

२. विद्यमान पूर्वाधारसम्बन्धी निर्देशिका र मापदण्डहरूलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री हुनेगरी आवश्यकता अनुसार निर्माण तथा संशोधन गरिनेछ।
३. घर तथा अन्य संरचना निर्माण गर्दा सुरक्षित तथा बालबालिकामैत्री संरचनाको मापदण्ड अनुसार गरिनेछ।
४. प्रारम्भिक बालविकासको लागि आवश्यक सेवा प्रदान गर्ने सबै केन्द्रहरू (धार्मिक केन्दहरू सहित)को मापदण्ड अनुसारको भौतिक संरचना तयार गरिनेछ।
५. प्रत्येक समुदाय वा टोल, एकीकृत वस्ती, कोलोनीहरूमा तथा शहरमा बन्ने अपार्टमेन्टमा एकीकृत प्रारम्भिक बालविकास सेवा केन्द्र अनिवार्य सञ्चालन गर्नुपर्ने व्यवस्था गरिनेछ।

२) रणनीति ४.४.२ सँग सम्बन्धित

क) बारावर्दिया नगरपालिकामा प्रारम्भिक बालविकासका राष्टिय रणनीति २०७७/८८ को आधारमा रणनीति तयार र नयाँ नीति तथा निर्देशिका तर्जुमा गर्ने।
१.प्रारम्भिक बालविकाससम्बन्धी नीति, ऐन र कार्यविधि तर्जुमा गरिनेछ।
२. लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मध्यनजर गरी विषयगत शाखाको नीति, योजना तथा कार्यक्रममा प्रारम्भिक बालविकासलाई एकीकृत गरिनेछ।
३. स्थानीय तहमा प्रारम्भिक बालविकास उमेरका बालबालिका तथा तिनका परिवारलाई लक्षित गुणस्तरीय सेवा प्रवाह गरिनेछ।

ख) प्रारम्भिक बालविकासका लागि सम्बन्धित सबै निकायको प्रतिनिधित्व हुनेगरी संयन्त्र निर्माण गर्ने।
१. प्रारम्भिक बालविकाससम्बन्धी रणनीति कार्यान्वयनका लागि प्रारम्भिक बालविकास समितिको व्यवस्था गरिनेछ।
२. उक्त समितिले प्रारम्भिक बालविकाससम्बन्धी रणनितिको कार्यान्वयन, अनुगमन, समन्वय रमूल्याङ्कन सम्बन्धी कार्य गर्ने व्यवस्था गरिनेछ।

ग) एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम तथा गुणस्तरीय सेवा प्रवाह गर्न आपसी समन्वय, सहकार्य र सहयोग सुनिश्चित गर्ने।
१. स्थानीय तहका प्रारम्भिक बालविकासका कार्यक्रम तथा गुणस्तरीय सेवा प्रवाह गर्नका लागि विभिन्न शाखा, सरकारी तथा गैर सरकारी एवं निजि संघ संस्था बीचसहकार्य तथा समन्वयको ढाँचा तयार गरी लागू गरिनेछ।
२. प्रारम्भिक बालविकासका कार्यक्रमहरूको सञ्चालनका लागि आर्थिक स्रोत व्यवस्थापन सम्बन्धी नीति तय गरिनेछ।

नगर प्रमुख

३. शिक्षा, स्वास्थ्य, कृषि, महिला, बालबालिका, सुरक्षा र संरक्षण तथा खानेपानीसम्बन्धी सेवादायी सबै शाखा बीच बालबालिकाको लागि समन्वय र सहकार्य गर्ने स्पष्ट नीति, निर्देशिका एवं मापदण्ड तर्जुमा गरी लागू गरिनेछ ।

घ) विपद् पूर्वतयारी योजनामा गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाका लागि सुरक्षा संरक्षण सहितको विशेष व्यवस्था गर्ने ।

१. विपद् पूर्वतयारी योजनामा गर्भवती महिला तथा प्रारम्भिकबालविकास उमेरका बालबालिकाको सुरक्षा र संरक्षणलाई विशेष प्राथमिकता दिइनेछ ।

२. घरपरिवार तथा समुदायमा विपद् पूर्वतयारी तथा व्यवस्थापन योजना बनाउन एवं तत्सम्बन्धी तयारी गर्न, गराउन प्रोत्साहन गरिनेछ ।

३) रणनीति ४.४.३ सँग सम्बन्धित

क) प्रारम्भिक बालविकासलाई प्राथमिकतामा राखेर एकीकृत योजना र कार्यक्रम तर्जुमा तथा बजेट विनियोजन गर्ने ।

१. एकीकृत प्रारम्भिक बालविकासको योजना तर्जुमासम्बन्धी निर्देशिका कार्यन्वयन गरिनेछ ।

२. प्रारम्भिक बालविकासको लागि बजेट विनियोजनको व्यवस्था सुनिश्चित गरिनेछ ।

ख) गैरसरकारी संस्था, आम सञ्चार, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकासमा सहयोग, सहकार्य तथा लगानी गर्न प्रोत्साहन गर्ने ।

१. गैरसरकारी संस्थालाई प्रारम्भिक बालविकासको क्षेत्रमा सहयोग (लगानी) बढाउन प्रोत्साहन गरिनेछ ।

२. निजी क्षेत्रले हाल सामाजिक उत्तरदायित्व अन्तर्गत उपलब्ध गराउँदै आएको योगदानलाई प्रारम्भिक बालविकासको क्षेत्रमा उपयोग गर्न प्रोत्साहन तथा सहजीकरण गरिनेछ ।

३. निजी क्षेत्र र आम सञ्चारलाई प्रारम्भिक बालविकासको क्षेत्रमा सहयोग र सहकार्य गर्न प्रोत्साहन गरिनेछ ।

४. प्रारम्भिक बालविकासको क्षेत्रमा गरिने सहयोगलाई एकद्वार प्रणालीबाट व्यवस्थापन नीति अवलम्बन गरिनेछ ।

ग) प्रारम्भिक बालविकासका लागि आवश्यक मानव स्रोतको प्रक्षेपण तथा विकासका लागि मानव स्रोत योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

१. प्रारम्भिक बालविकासका लागि आवश्यक मानव स्रोत प्रक्षेपणका लागि अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन तथा हाल भएका विवरण अद्यावधिक गरिनेछ ।



नगर प्रमुख

२. दक्ष मानव स्रोतको प्राप्ति, विकास, टिकाउका लागि विशेष प्रावधान (मापदण्ड, सीप, दक्षता, सेवा, सुविधा, वृत्ति विकास अवसर) सहितको मानव स्रोत विकासको नीति तर्जुमा गरी सोही आधारमा योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

३. प्रारम्भिक बालविकासका लागि दक्ष मानव स्रोत उत्पादनमा कार्यरत सरकारी तथा गैरसरकारी संस्था, तालिम प्रदायक संस्थाहरूको मापदण्ड निर्धारण गरिनेछ । सोअनुसार नियमन गर्ने एवं नीतिगत आधार तय गरिनेछ ।

घ) प्रारम्भिक बालविकासको क्षेत्रमा हाल कार्यरत मानव स्रोतको उत्प्रेरणा तथा सक्षमता अभिवृद्धि गर्ने ।

१. प्रारम्भिक बालविकासको क्षेत्रमा वृत्ति विकासको अवसर सुनिश्चित्त गर्न तालिम तथा सीप विकासका अवसरहरू प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।

२. हाल कार्यरत मानव स्रोतको पेशागत क्षमता मूल्याङ्कनका आधारहरू तयार गरी वृत्ति विकासका अवसरहरू सहित विशेषज्ञता हासिल गर्ने अवसर प्रदान गरिनेछ ।

३. प्रारम्भिक बालविकासका लागि विभिन्न तहमा आवश्यक मानव स्रोतहरूको एकीकृत बालविकाससम्बन्धी ज्ञान तथा सीप अभिवृद्धिको अवसर प्रदान गरिनेछ ।

४. अपाङ्गता भएका बालबालिका र गर्भवती महिलासँग तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकासँग कार्य गर्ने मानव स्रोतको लागि विशेष ज्ञान तथा सीप प्रदान गर्ने व्यवस्था गरिनेछ ।

५. प्रारम्भिक बालविकासमा कार्यरत मानव स्रोतको स्तर निर्धारण तथा प्रमाणीकरणको व्यवस्थाका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय गरी स्तर निर्धारण र प्रमाणीकरणको व्यवस्था गरिनेछ ।

४) रणनीति ४.४.४ सँग सम्बन्धित

क) सेवा प्रवाहमा परिवार तथा समुदायको सहभागिता, संलग्नता र जिम्मेवारी अभिवृद्धि गर्ने ।

१. बालविकाससँग सम्बन्धित ऐन, कानून, नीति, कार्यक्रम, सेवा सुविधा तथा न्यूनतम मापदण्डबारे अभिभावकलाई सुसूचित गरिनेछ ।

२. आमाबुवा, अभिभावक तथा स्याहारकर्ताहरूमा गर्भावस्थादेखि नै प्रारम्भिक बालविकाससम्बन्धी ज्ञान तथा सीपलाई अद्यावधिक गर्न लक्षित कार्यक्रम (अभिभावक शिक्षासंवाद) सञ्चालन गरिनेछ ।

३. बालविकासको महत्व र आवश्यकता अनुरुप घरपरिवार तथा समुदायमा सिकाइको वातावरण सिर्जना गर्न परिवार तथा समुदायलाई जिम्मेवार बनाइनेछ ।



नगर प्रमुख

नगर प्रमुख

४. गर्भावस्थादेखि नै बालबालिकाको विशेष स्याहार गर्ने कार्यमा बाबुआमालाई समेत जिम्मेवार बनाउन दक्षता अभिवृद्धि तथा जिम्मेवारी बहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

५. बालबालिकाको उमेर, रुचि, अवस्था र आवश्यकता अनुसार स्थानीय परिवेश सुहाउँदो कार्यक्रम सञ्चालनमा अभिभावक तथा समुदायलाई प्रोत्साहन गरिनेछ ।

६. विकास प्रयासलाई बालमैत्री बनाउन टोल र वडास्तरको स्थानीय योजना निर्माण गर्ने कार्यक्रममा अभिभावकको संलग्नता सुनिश्चित गरिनेछ ।

७. गर्भावस्था, सुरक्षित मातृत्व, खोप, पोषण, स्याहार, सुरक्षा, संरक्षण, प्रारम्भिक सिकाइ, जोखिम न्यूनीकरण तथा व्यवस्थापन, अपाङ्गता तथा उमेरगत विकास सहितको अभिभावक शिक्षा र संवाद कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) प्रारम्भिक बालविकासको लागि आमसञ्चार माध्यमसँग सहकार्य गर्ने ।

१. अभिभावक, हेरालु तथा समुदायको लागि श्रव्यदृश्य सामग्री अभिभावकहरूको सहभागितामा तयार गरीनुका साथै उनीहरूको लागि अध्ययन गर्ने वातावरणको व्यवस्था गरिनेछ ।

२. स्थानीय सञ्चार माध्यम, स्थानीय समूह (आमा, अगुवा, उपभोक्ता, बालक्लब) हरूको प्रारम्भिक बालविकाससम्बन्धी ज्ञान, सीप र दक्षता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

३. विभिन्न सञ्चार माध्यमद्वारा नियमित रूपमा प्रारम्भिक बालविकासलाई विशेष स्थान दिई प्रशारण गर्न सहकार्यरसमन्वय गरिनेछ ।

४. प्रारम्भिक बालविकास समिति, स्थानीय तहका बालअधिकार समिति लगायतका संयन्त्रहरूको काम, कर्तव्य तथा बालसंरक्षण नीतिबारे आमसञ्चार माध्यमबाट स्थानीयस्तरमा नियमित प्रचार प्रसार गरिनेछ ।

ग) बालबालिका हुर्काउने (लालनपालन, सिकाइ, सुरक्षा, स्वास्थ्य, पोषण) असल स्थानीय चलनको निरन्तरताको लागि प्रोत्साहनको व्यवस्था गर्ने ।

१. अभिभावक, परिवारका सदस्यहरू (आमाबाबु) तथा स्याहारकर्तालाई गर्भावस्थादेखि नैबालबालिकाको सर्वाङ्गीण विकास गर्न ज्ञान, सीप र प्रारम्भिक बालविकासमैत्री व्यवहार प्रवर्द्धन गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय असल अभ्यासहरूको संवर्द्धन, प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।

२. गर्भदेखि चार वर्षको बालबालिकाका आमाबाबु वा अभिभावकलाई स्वास्थ्य स्वयंसेविका र आमा समूहको माध्यमबाट र चारदेखि आठ वर्षका बालबालिकाका आमाबाबु वा

नगर प्रमुख

अभिभावकका लागि प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता र प्राथमिक शिक्षकमार्फत क्रमशः अभिभावक शिक्षा दिने व्यवस्था गरिनेछ ।

३. प्रत्येक टोल, गाउँ, वडामा बालबालिकाको सर्वाङ्गीण विकास गर्ने वातावरण सहितको सम्पूर्ण सेवा प्रदान गर्ने एकिकृत प्रारम्भिक बालविकास तथा स्याहार कार्यक्रम सञ्चालन गरिनेछ ।

४. निम्न आय भएका अभिभावकहरूलाई बालबालिकाको पोषण, स्वास्थ्य, उत्प्रेरणा र सिकाइका लागि सहयोगको व्यवस्था गरिनेछ ।

५. अभिभावक शिक्षालाई अभियानको रूपमा सबै शाखाको संलग्नतामा सञ्चालन गर्ने नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिनेछ ।

६. आमाबाबुविहिन बालबालिकालाई उचित स्याहार, सिकाइ, पोषण, संरक्षण र उत्प्रेरणा प्रदान गर्न परिवारका अन्य सदस्यरअभिभावकलाई प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ ।

७. दैनिक काममा जानुपर्ने अभिभावकको लागि तिनीहरूको कार्यक्षेत्रमा दिवा शिशुस्याहार केन्द्रकोव्यवस्था गरिनेछ ।

८. घरायसी स्तरमा खाद्य तथा पोषण सुरक्षा अभिवृद्धिका लागि पारिवारिक खेती तथा पशुपंक्षी पालन विस्तार गर्न प्रोत्साहन गरिनेछ ।

५) रणनीति ४.४.५ सँग सम्बन्धित

क) विशेष संरक्षणको आवश्यकता भएका गर्भवती महिला तथा बालबालिकाको प्रारम्भिक बालविकासकोअवसर सुनिश्चितताको लागि समन्वय, सहकार्य र सहयोग सुनिश्चित गर्ने ।

१. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका र गर्भवती महिलाको पहिचान गरी उनीहरूको सर्वाङ्गीण विकासका लागि लक्षित कार्यक्रम बनाई गुणस्तरीय सेवा प्रवाह गरिनेछ।

२. अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने व्यवस्था गरिनेछ । अपाङ्गता भएका बालबालिकाकोआवश्यकता पहिचान गरी विशेष कार्यक्रम वा समावेशिताको निति अवलम्वन गरिनेछ ।

४. अपाङ्गताको संवेदनशीलताको आधारमा सेवा सुविधाको व्यवस्था गरिनेछ । यसको लागि प्रारम्भिक बालविकास समितिको माध्यमबाट समन्वय र सहकार्य बढाइनेछ ।

ख) सीमान्तीकृत अवस्थामा रहेका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्ने ।

नगर प्रमुख



Scanned with CamScanner

१ सीमान्तीकृत वर्गका गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको तथ्याङ्क संकलन तथा अध्यावधिक गरिनेछ ।

२ यस्तो अवस्थमा रहेका गर्भवती महिलाको नियमित स्वास्थ्य जाँच तथा सुरक्षित मातृत्वको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३ बालबालिका तथा परिवारको आवश्यकताको आधारमा घरमा वा समुदायमा आधारित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

४.६ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

(क) कार्यान्वयन

यो रणनीति स्थानीय कार्यपालिका बाट स्वीकृत भए पछि तत्कालै कार्यान्वयनमा लगिनेछ । साथै यसको कार्यान्वयनका लागि विद्यमान कानूनको आधारमा रही कार्यन्वयन गरिनेछ । त्यस्तै आवश्यक निर्देशिका र मार्गदर्शन तर्जुमा कार्य पनि अघि बढाइनेछ । यस रणनीति कार्यान्वयनका लागि पालिका तहमा संस्थागत संरचनाको निर्माण गरिने छ । यस अनुसार प्रारम्भिक बालविकास निर्देशक समिति (अनुसूची १), तथा वडा तहमा वडा प्रारम्भिक बालविकास समिति (अनुसूची २) रहनेछ।

(ख) अनुगमन

यस रणनीति कार्यान्वयनमा भएको प्रगतिको नियमित अनुगमनका लागि अनुसूची १ र २ अनुसार गठन भएका समितिहरू क्रमशः पालिका प्रारम्भिक बालविकास निर्देशक समिति र वडा स्तरीय प्रारम्भिक बालविकास समितिहरू संलग्न हुनेछन् । अनुगमन कार्यमा प्रारम्भिक बालविकास निर्देशक समिति (अनुसूची १), तथा वडा तहमा वडा प्रारम्भिक बालविकास समिति (अनुसूची २) रहनेछ ।

(ग) मूल्याङ्कन

यो रणनीतिको कार्यान्वयन र सोबाट प्रारम्भिक बालविकासको क्षेत्रमा परेको असर तथा प्रभावकोआन्तरिक र तेस्रो पक्षबाट मूल्याङ्कन गरिनेछ । मूल्याङ्कन गर्दा अनुसूची ३ मा व्यवस्था भएको असरका सूचकलाई आधार मानिनेछ ।

नगर प्रमुख



Scanned with CamScanner

अनुसूची १

## स्थानीय प्रारम्भिक बालविकास समिति गठन तथा काम, कर्तव्य र अधिकार

प्रमुख नगरपालिका .................................... अध्यक्ष

कार्यपालिका सदस्य, प्रारम्भिक बालविकास क्षेत्रसँग सम्बन्धित ................ सदस्य

अध्यक्ष, स्थानीय बाल अधिकार समिति ............................................ सदस्य

सामाजिक विकास शाखा अन्तर्गतका शाखा प्रमुखहरू ......................... सदस्य

बाल कल्याण अधिकारी ................................................................ सदस्य

प्रारम्भिक बालविकास विज्ञ (१ जना) ............................................ सदस्य

बाल संजालबाट छात्राछात्र १/१ जना .............................. आमन्त्रित सदस्य

प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका ................सदस्य-सचिव

स्थानीय प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकार निम्नअनुसार हुनेछः

- स्थानीयस्तरमा राष्ट्रिय तथा प्रदेशको नीति, रणनीति, कार्यक्रमसँग तादाम्यता हुने गरी प्रारम्भिक बालविकासको नीति, रणनीति तथा कार्यनीति तर्जुमा गर्ने ।
- प्रमुख कार्यान्वयनकर्ताको रूपमा प्रारम्भिक बालविकासका कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक स्रोतसाधनको व्यवस्थापन गर्न समन्वय र सहजीकरण गर्ने ।
- वडास्तरमा कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न वडा अध्यक्षको संयोजकत्वमा वडा प्रारम्भिक बालविकास समिति गठन गर्न सहयोग गर्ने ।
- वडास्तरमा कार्यक्रम सञ्चालन गन कार्यक्रमको खाका तयार गरी लागू गर्ने ।
- प्रारम्भिक बालविकासका लागि आर्थिक स्रोतको व्यवस्थापनमा समन्वय र सहजिकरण गर्ने ।
- स्थानीय तहमा मानव स्रोत विकास, व्यवस्थापन तथा परिचालनको सुनिश्चितता गर्ने ।
- सबै सरोकारवालाहरूसँगको समन्वयमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

नगर प्रमुख

- स्थानीयस्तरमा प्रारम्भिक बालविकाससम्बन्धी सम्पूर्ण कार्यको समन्वय, कार्यान्वयन तथा अनुगमन गर्न बालविकास संयोजकको व्यवस्था गर्न सहजिकरण गर्ने ।

समितिले आवश्यकताअनुसार अस्थायी प्रकृतिका कार्यसमितिहरू निर्माण गरीं कार्य गर्न, गराउन सक्नेछ भने समितिले आवश्यकताअनुसार सामाजिक सङ्घसंस्था तथा निजी सेवा प्रदायकका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

नगर प्रमुख



Scanned with CamScanner

अनुसूची ३

## वडास्तरीय प्रारम्भिक बालविकास समिति गठन तथा काम, कर्तव्य र अधिकार

वडा अध्यक्ष, सम्बन्धित वडा ........................................................ अध्यक्ष
वडा सदस्य, महिला ........................................................ सदस्य
वडा सदस्य, दलित महिला ........................................................ सदस्य
प्रमुख (शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, कृषि, पशु शाखा) .................. सदस्य
संयोजक, वडा नागरिक समूह ........................................................ सदस्य
स्थानीय महिला स्वास्थ्य स्वयंसेविका (१ जना) .................................. सदस्य
प्रारम्भिक बालविकास विज्ञ (१ जना) ................................................ सदस्य
प्रतिनिधि, प्रारम्भिक बालविकासमा कार्यरत गैरसरकारी संस्था .................. सदस्य
वडा बाल संजालबाट छात्राछात्र १/१ जना ................................ आमन्त्रित सदस्य
वडा सचिव ........................................................ सदस्य-सचिव

वडा प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकार निम्नअनुसार हुनेछः

- स्थानीयस्तरमा तयार गरिएको प्रारम्भिक बालविकासको कार्यनीति लागू गर्ने ।
- प्रमुख कार्यान्वयनकर्ताको रूपमा प्रारम्भिक बालविकासका कार्यक्रमहरू कार्यान्वयन गर्ने ।
- वडास्तरमा कार्यक्रम सञ्चालन गर्ने ।
- प्रारम्भिक बालविकासका कार्यक्रम कार्यान्वयनका लागि आर्थिक स्रोतको व्यवस्थापन र परिचालनको लागि सहजिकरण गर्ने ।
- तोकिएको मापदण्डअनुसार कार्यक्रम अनुगमन, नियमन तथा कार्यान्वयनको सुनिश्चितता गर्ने ।
- सबै सरोकारवालाहरूसँगको समन्वयमा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

यस समितिले आवश्यकता अनुसार सामाजिक संघसंस्था तथा निजी सेवा प्रदायकका प्रतिनिधिलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

नगर प्रमुख

## अनुसूची ३

## नतिजा सूचक र कार्यान्वयन ढाँचा

(क) प्रतिफल (Output)

| प्रतिफल | सूचक | एकाइ | आधार वर्ष २०७९/८० | लक्ष्य २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको श्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय तहमा प्रारम्भिक बालविकास सम्बन्धि नीति निर्माण | राष्ट्रिय रणनीतिका आधारमा स्थानीय रणनीति, निर्देशिका/कार्यविधि निर्माण एवं लागू | संख्या | १ | | | | | पालिका रणनीति, निर्देशिका/कार्यविधि | पालिका | पालिका शाखाहरु, गै.स.स. |
| प्रारम्भिक बालविकास कार्यक्रमको लागि कूल बजेटको निश्चित प्रतिशत बिनियोजन भएको हुने | एकिकृत प्रारम्भिक बालविकाको लागि कूल बजेटको निश्चित प्रतिशत बजेट विनियोजन | संख्या | १ | | | | | वार्षिक बजेट तथा कार्यक्रम | पलिका ( विभिन्न शाखाहरु) | पलिका / गै.स.स |
| प्रारम्भिक बालविकास समिति गठन भएको | स्थानीय समिति (१) वडा समिति (१) रणनीतिले व्यवस्था गरेको | संख्या | १२ | | | | | वार्षिक प्रतिवेदन | पालिका ( विभिन्न शाखाहरु) र वडा | पलिका / गै.सं सं |
| प्रारम्भिक बालविकास कार्यक्रमलाई नीति, योजना तथा कार्यक्रममा | पालिकाका विभिन्न शाखाहरु बाट प्रारम्भिक बालविकास कार्यक्रमलाई आवधिक योजनामा | संख्या | | ६ | ६ | ६ | ६ | आवधिक योजना | पालिका ( विभिन्न शाखाहरु) र वडा | पलिका / गै.स.स |

नगर प्रमुख

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| समावेश गरेको | समावेश | | | | | | | | | |
| प्रारम्भिक बालविकासमा कार्यरत मानव श्रोतको क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था भएको हुने | प्रत्येक वर्ष कम्तीमा एकपटक प्रारम्भिक बालविकास सम्बन्धि आयोजना हुने तालिमको संख्या | संख्या | | ३×६ | ६×६ | ९×६ | १२×६ | वार्षिक बजेट तथा कार्यक्रम | पालिका । विभिन्न शाखाहरु र वडा | पलिका / संघ तथा प्रदेश सरकार / गै.स.स. |
| प्रारम्भिक बालविकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन भई प्रतिवेदन तयार भएको हुने | पालिका (विभिन्न शाखाहरु) आ-आफ्नो विषय क्षेत्रको निरन्तर तथा चौमासिक अनुगमन र मूल्याङ्कनको संख्या | संख्या | | ३×३×११ | ३×३×११ | ३×३×११ | ३×३×११ | वार्षिक प्रतिवेदन | पालिका विभिन्न शाखाहरुको मासिक प्रतिवेदन | |
| | उमेर अनुरुपको मापदण्डको तर्जुमा भएको | संख्या | | १ | | | | वार्षिक प्रतिवेदन | पालिका विभिन्न शाखा | |
| | उमेर अनुरुपको मापदण्डको तर्जुमा गरी प्रयोग भएको | संख्या | | १२ | १२ | १२ | १२ | वार्षिक प्रतिवेदन | पालिका विभिन्न शाखा | |
| गर्भवती तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको गुणस्तरीय स्वास्थ्य सेवाको पँहुच अभिवृद्धि भएको हुने | मातृ मृत्यु दर ( प्रतिहजार) | जना | | | | | | पालिका स्वास्थ्य तथा पोषण शाखा सूचना प्रणालि | पालिका स्वास्थ्य तथा पोषण शाखा | |
| | बाल मृत्युदर ( प्रतिहजार) | जना | | | | | | पालिका स्वास्थ्य तथा पोषण शाखा सूचना प्रणालि | पालिका स्वास्थ्य तथा पोषण शाखा | |
| बालबालिकामा | बालबालिकामा हुने | जना | | | | | | पालिका स्वास्थ्य | पालिका | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| हुने रोगहरु तथा स्वास्थ्यसम्बन्धि महामारीमा तत्काल उपचारको व्यवस्था पुगेको हुने | झाडापखालाको महामारीमा कमी ( प्रति दशहजार) | | | | | | | तथा पोषण शाखा सूचना प्रणालि | स्वास्थ्य तथा पोषण शाखा | |
| | बालबालिकामा हुने स्वासप्रश्वास सम्बन्धि रोगको महामारीमा कमी ( प्रति दशहजार) | जना | | | | | | पालिका स्वास्थ्य तथा पोषण शाखा सूचना प्रणालि | पालिका स्वास्थ्य तथा पोषण शाखा | |
| गर्भवती तथा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाले खोप लगाएको हुने | पूर्ण खोप सेवा प्राप्त गर्ने गर्भवती महिला | प्रतिशत | | | | | | पालिका स्वास्थ्य तथा पोषण शाखा सूचना प्रणालि | पालिका स्वास्थ्य तथा पोषण शाखा | |
| | पूर्ण खोप सेवा प्राप्त गर्ने प्रारम्भिक बालविकास उमेरका बालबालिका | प्रतिशत | | | | | | पालिका स्वास्थ्य तथा पोषण शाखा सूचना प्रणालि | पालिका स्वास्थ्य तथा पोषण शाखा | |
| | पूर्ण खोप घोषणा वडा | संख्या | २ | ५ | ४ | | | पालिका स्वास्थ्य तथा पोषण शाखा सूचना प्रणालि | पालिका स्वास्थ्य तथा पोषण शाखा | |
| स्वास्थ्य सेवामा गर्भवती तथा सुत्केरी महिलाको पँहुचमा वृद्धि भएको हुने | स्वास्थ्य संस्थामा आधारभूत तहको स्वास्थ्य सेवा उपलब्ध भएका स्वास्थ्य संस्था | प्रतिशत | | २० | ५० | ७५ | ९५ | पालिका स्वास्थ्य तथा पोषण शाखा सूचना प्रणाली | पालिका स्वास्थ्य तथा पोषण शाखा | |
| | सुन्य घर प्रसुति (zero home delivery) वडाहरु घोषणा | संख्या | १ | ४ | ६ | | | पालिका स्वास्थ्य तथा पोषण शाखा सूचना प्रणाली | पलिका स्वास्थ्य शाखा | पलिका / गैसस |
| सबै परिवारमा सुरक्षित | घर र समुदायमा शुद्ध खानेपानी | प्रतिशत | | ३३ | ४० | ६८ | ९० | खानेपानी शाखा सूचना प्रणाली | खानेपानी शाखा | |

नगर प्रमुख

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| खानेपानीको पहुँच पुगेको हुने | उपलब्ध भएका | | | | | | | | | |
| | विद्यालमा शुद्ध खानेपानी उपलब्ध भएको | प्रतिशत | | ३३ | ४० | ६८ | ९० | खानेपानी शाखा सूचना प्रणाली | खानेपानी शाखा | |
| पानीको शुद्धीकरण सम्बन्धि ज्ञान र सीपमा वृद्धि भएको हुने | पानीको शुद्धीकरण गरी प्रयोग गर्ने परिवार | प्रतिशत | | ३० | ४० | ८० | ९० | खानेपानी शाखा सूचना प्रणाली | खानेपानी शाखा | |
| बालमैत्री शौचालयको प्रयोगमा वृद्धि भएको हुने | विद्यालयमा बालमैत्री शौचालय उवलब्ध भएका विद्यालय | प्रतिशत | | ३५ | ५० | ७५ | ९५ | शिक्षा शाखा सूचना प्रणाली | शिक्षा तथा खानेपानी शाखा | |
| | फोहोरको उचित व्यवस्थापनका लागि मापदण्ड लागू भएका वडा | संख्या | | २ | ४ | ५ | | खानेपानी शाखा सूचना प्रणाली | खानेपानी शाखा | |
| प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | प्रतिशत | | | | | | शिक्षा शाखा सूचना प्रणाली | शिक्षा शाखा | |
| गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध भएको हुने | प्रारम्भिक बालविकास उमेरका बालबालिकालागि प्रारम्भिक बालविकास तथा सिकाइको मापदण्ड लागू भएका बालविकास केन्द्र | संख्या | ११ | २२ | २२ | २२ | २७ | शिक्षा शाखा सूचना प्रणाली | शिक्षा शाखा | |
| प्रारम्भिक बालविकासका | प्रारम्भिक बालविकास | संख्या | | ११ | | | | पालिका वार्षिक प्रतिवेदन | पालिका विभिन्न | |

नगर प्रमुख

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| लागि बिषयगत सेवाको आवश्यकता अनुरुप मानव श्रोतको व्यवस्थापन भएको हुने | कार्यक्रम संचालका लागि आवश्यक विभिन्न तहका मानव श्रोतको मापदण्ड लागू | | | | | | | | शाखाहरु | |
| प्रारम्भिक बालविकासमा कार्यरत मानव श्रोतको पेशागत उन्नयनको कार्यक्रम लागू भएको हुने | प्रारम्भिक बालविकासको क्षेत्रमा आवश्यक मानव श्रोतको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष निश्चित अवधिको पूर्व सेवाकालीन ( आधारभूत) तथा कार्यरत जनशक्तिको लागि पुर्नताजगी तालिम संचालन | प्रतिशत | | ४० | ५० | ७५ | ९५ | पालिका वार्षिक प्रतिवेदन | पालिका विभिन्न शाखाहरु | |
| प्रारम्भिक बालविकासका लागि स्थानीय तहमा आवश्यक भौतिक पूर्वधारको मापदण्ड लागू भएको हुने | एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम सहितको बाल उद्यान संचालन भएको वडा | संख्या | १ | २ | ३ | ५ | | पालिका वार्षिक प्रतिवेदन | पालिका विभिन्न शाखाहरु | संघिय मामिला तथा सामान्य प्रशासन प्रदेश मन्त्रालय |
| | न्यूनतम मापदण्ड लागू भएको दिवा शिशु स्याहार केन्द्र | संख्या | | ११ | | | | शिक्षा शाखा सूचना प्रणाली / स्वास्थ्य शाखा | शिक्षा शाखा / स्वास्थ्य शाखा | |
| | न्यूनतम मापदण्ड लागू भएका | प्रतिशत | | १० | २० | ३० | | शिक्षा शाखा सूचना प्रणाली | शिक्षा शाखा | |

नगर प्रमुख

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालविकास केन्द्र | | | | | | | | | |
| | बलमैत्री विद्यालय प्रारुप अनुसारको न्यूनतम मापदण्ड लागू भएका कक्षा ३ सम्मका विद्यालय | प्रतिशत | | ४० | ५० | ७५ | ९५ | शिक्षा शाखा सूचना प्रणाली | शिक्षा शाखा | |
| स्थानीय तहमा सबै प्रारम्भिक बालविकास उमेरका बालबालिकलाई प्रारम्भिक बालविकास कार्यक्रमको सेवा उपलब्ध भएको हुने | गर्भवती महिला तथा अभिभावकका लागि सचेतना कार्यक्रम लागू भएका वडाहरु | संख्या | | ११ | | | | पालिका वार्षिक प्रतिवेदन | पालिकाका शाखाहरु | पलिका / गै.स.स |
| | ४ देखि ५ वर्षका बालबालिकाको लागि बालविकास केन्द्र संचालन भएको वडाहरु | संख्या | | ११ | | | | शिक्षा शाखा सूचना प्रणाली | शिक्षा शाखा | पलिका / गै.स.स |
| | ५ देखि ८ वर्षका बालबालिकाको लागि बालमैत्री शिक्षाको व्यवस्था भएको वडाहरु | संख्या | | ११ | | | | शिक्षा शाखा सूचना प्रणाली | शिक्षा शाखा | पलिका / गै.स.स |
| गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको पोषण स्थितिमा सुधार भएको हुने | पोषणयुक्त वडा घोषणा भएको | संख्या | | २ | ५ | ४ | । | पालिका वार्षिक प्रतिवेदन | पालिका स्वास्थ्य तथा पोषण शाखा | पलिका / गै.स.स |
| | ५ वर्ष मुनिका बालबालिकाको पुड्कोपन | प्रतिशत | ३८.८ | ३२ | २८.६ | २० | १५ | स्वास्थ्य तथा पोषण शाखा सूचना प्रणाली | पालिका स्वास्थ्य तथा पोषण शाखा | पलिका / गैसस |
| | ५ वर्ष मुनिका बालबालिकामा | प्रतिशत | ९.७ | ८ | ७ | ५ | ४ | स्वास्थ्य तथा पोषण शाखा सूचना | पालिका स्वास्थ्य | पालिका / गैसस |

नगर प्रमुख

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | रहेको ख्याउटेपना ( उचाई अनुसार तौल कम) | | | | | | | प्रणाली | तथा पोषण शाखा | |
| | सबै वडामा अभिभावकको लागि पोषण सम्बन्धि तालिम संचालन | संख्या | ३ | ११ | ११ | ११ | ११ | पालिका वार्षिक प्रतिवेदन | पालिका स्वास्थ्य तथा पोषण शाखा | पालिका / गैसस |

(ख) असर(Outcome) .

| असर | सुचक | एकाइ | आधार वर्ष २०७९/८० | लक्ष्य (आ.व २०८३/८४) | सुचनाको श्रोत | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|
| कानूनी, संस्थागत तथा संरचनागत संयन्त्र निमार्ण भएको हुने | स्थानीय तह तथा वडा तहमा प्रारम्भिक बालविकास समिति गठन | संख्या | १२ (१+११) | | वडा तथा स्थानीय तहको वार्षिक प्रतिवेदन | पालिका | पालिका / गैसस |
| गुणस्तरीय सेवाको पँहुच सुनिश्चित भएको हुने | मपदण्डको तर्जुमा तथा लागू | संख्या | १२ (१+११) | | वडा तथा स्थानीय तहको वार्षिक प्रतिवेदन | पालिका विभिन्न शाखाहरु | योजना शाखा |
| दक्ष मानव तथा आर्थिक श्रोत सुनिश्चित भएको हुने | स्थानीय तहमा मानवीय श्रोत विकास सम्बन्धि नीति कार्यक्रमको तर्जुमा र कार्यान्वयन | संख्या | | | पालिका विभिन्न शाखाहरुको वार्षिक प्रतिवेदन | पालिका विभिन्न शाखाहरु | योजना शाखा |
| | प्रारम्भिक बालविकासका लागि बजेट विनियोजन | प्रतिशत | २० | | वार्षिक बजेट तथा कार्यक्रम | पालिका विभिन्न शाखाहरु | योजना शाखा |
| परिवार तथा समुदायको सक्रिय सहभागिता भएको हुने | समुदायमा बालमैत्री पूर्वाधारको सुनिश्चितता | प्रतिशत ( वडा) | | ९० | वार्षिक प्रतिवेदन | वडा तथा पालिका विभिन्न शाखाहरु | |
| | अभिभावक शिक्षा कार्यक्रममा परिवारका सदस्य तथा अभिभावकको सहभागितामा वृद्धि | प्रतिशत ( वडा) | | ९० | वार्षिक प्रतिवेदन | वडा तथा पालिका विभिन्न शाखाहरु | |

अनुसूचि ४



नगर प्रमुख

## प्रारम्भिक बालविकासका लागि विभिन्न शाखाहरुको जिम्मेवरी (उमेर समुहको आधारमा)

| | गर्भावस्था देखि २ वर्षसम्म | २ देखि ४ वर्ष सम्म | ४ देखि ८ वर्ष सम्म |
|---|---|---|---|
| प्रमुख जिम्मेवारी | **स्वास्थ्य तथा पोषण शाखा**<br>• सबै गर्भवतीमहिलालाई तालिम प्राप्त स्वास्थ्यकर्मीबाट संस्थागत सुत्केरी गराउने वातावरण सुनिश्चितगर्ने ।<br>• गर्भवती भएको समयदेखि दम्पत्तिलाई प्रारम्भिक बालविकासका सबै विषयमा अभिभावक शिक्षा/परामर्शको व्यवस्था गर्ने ।<br>• सबै गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका सबैबालबालिकामा खोप सेवा प्राप्त गरेको तथाप्रसुति पश्चात् स्वास्थ्यपरीक्षण तथा परामर्श सुनिश्चितगर्ने।<br>• शिशु तथा बाल्यावस्थामा हुने रोगहरूको रोकथाम र व्यवस्थापनगर्न गुणस्तरीय सेवामा पहुँचवढाउने ।<br>• सबै स्वास्थ्यसंस्थामा मानसिक स्वास्थ्यसेवा उपलब्ध गराउने।<br>• मातृ, शिशु, बाल्य तथा किशोरावस्थामा हुने सूक्ष्म पोषकतत्वको कमीमा सुधारगराउने।<br>• कडा कुपोषण भएका र अन्य विरामी बालबालिकाहरूको उपचार र व्यवस्थापनसुनिश्चित गर्ने । | **महिला तथा बालबालिका शाखा एवं प्रशासन**<br>• सबै बालबालिकाले घरमा, समूदायमा वा केन्द्रमा आधारित प्रारम्भिक बालविकास तथा स्याहार कार्यक्रमबाट सबै किसिमका प्रारम्भिक बालविकासका सेवाबाट लाभान्वित भएको सुनिश्चित गर्ने ।<br>• प्रारम्भिक बालविकास तथा स्याहार कार्यक्रमको न्यूनतम मापदण्ड तर्जुमा गरी सोही अनुसार गुणस्तरीय कार्यक्रम लागु गराउने ।<br>• बालबालिकाका प्रारम्भिक स्याहारकर्ताका निम्ति प्रारम्भिक बालविकास तथा स्याहार कार्यक्रममार्फत अभिभावक शिक्षा/परामर्शको व्यवस्था गर्ने ।<br>• दुर्गम क्षेत्रमा बस्ने तथा अपाङ्गता भएका बालबालिकाका लागि वैकल्पिक कार्यक्रम सञ्चालन गराउने ।<br>• अन्य सरोकारवाला निकायसँग समन्वय गरी एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने । | **शिक्षा शाखा**<br>• स्थानीय तहसँग समन्वय गरी सबै बालबालिकाले घरमा, समूदायमा वा केन्द्रमा आधारित प्रारम्भिक बालविकास तथा स्याहार कार्यक्रमबाट सबै किसिमका प्रारम्भिक बालविकासका सेवाबाट लाभान्वित भएको सुनिश्चित गर्ने।<br>• प्रारम्भिक बालविकास तथा स्याहार कार्यक्रमको न्यूनतम मापदण्ड तर्जुमा गरी सोही अनुसार गुणस्तरीय कार्यक्रम लागु गराउने।<br>• बालबालिकाका प्रारम्भिक स्याहारकर्ताका निम्ति प्रारम्भिक बालविकास तथा स्याहारकार्यक्रममार्फत अभिभावक शिक्षा/परामर्शको व्यवस्था गर्ने।<br>• दुर्गम क्षेत्रमा बस्ने तथा अपाङ्गता भएका बालबालिकाका लागि वैकल्पिक कार्यक्रम सञ्चालन गराउने।<br>• सहजकर्ता, शिक्षक तथा विद्यालय नर्सको निरन्तर क्षमता अभिवृद्धिकोव्यवस्था गर्ने ।<br>• विद्यालयमा नियुक्त गरिएका नर्सको प्रशिक्षणमा बालविकास तथा बाल मनोभावना सम्बन्धि विषय समाहित गर्ने |

नगर प्रमुख

| | |
|---|---|
| सहयोगी शाखाहरु | **अर्थ शाखा**<br>• गर्भवती महिला तथा प्रारम्भिक उमेरका बालबालिकाका निम्ति पर्याप्त बजेट विनियोजनगर्ने ।<br>• बजेटको प्रभावकारी कार्यान्वयन गराउन अनुगमन संयन्त्रको व्यवस्था गर्ने ।<br>**प्रशासन शाखा**<br>• समन्वय र सहजीकरण ।<br>• प्रारम्भिक उमेरका बालबालिका रहने स्थानका पूर्वाधारहरू बालमैत्री बनाउन मापदण्ड तर्जुमा गरी लागू गर्ने ।<br>• सबै बालबालिकाको जन्म दर्ता भएको सुनिश्चित गर्ने । (वडा तहको समन्वयमा)<br>• एकीकृत प्रारम्भिक बालविकासकालागि एकीकृत तथ्यांकको प्रवर्द्धन गर्ने ।<br>• विपद् न्यूनीकरण तथा व्यवस्थापनमा प्रारम्भिक उमेरका बालबालिका तथा गर्भवती महिलाकालागि विशेष व्यवस्था मिलाउने ।<br>**महिला तथा बालबालिका शाखा**<br>• गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई विभिन्न प्रकारका हिंसा तथा दूर्व्यवहारबाट बचाउने ।<br>• बाल अधिकार तथा महिला अधिकारका बारेमा सचेतना अभिवृद्धि गर्ने व्यवस्था गर्ने ।<br>• बाल अधिकार सुनिश्चित गर्न मापदण्ड तयार गरी लागू गर्ने ।<br>**स्वास्थ्य तथा पोषण शाखा**<br>• प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाले गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा, पाउने व्यवस्था मिलाउने ।<br>• प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई उचित स्याहारको सुनिश्चित गर्ने ।<br>**शिक्षा शाखा**<br>• प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई उत्प्रेरणात्मक सिकाइ वातावरण प्रदान गर्ने ।<br>• प्रारम्भिक बालविकासको न्यूनतम मापदण्ड तथा विकास तथा सिकाइको मापदण्ड लागू भएको सुनिश्चित गर्ने ।<br>**खानेपानी तथा सरसफाई शाखा**<br>• प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाले सुरक्षित खानेपानी तथा बालमैत्री शौचालयमा पहुँच भएको सुनिश्चित गर्ने ।<br>**कृषि शाखा**<br>• प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने ।<br>**योजना शाखा**<br>• प्रारम्भिक बालविकासका लागि आवश्यक समन्वय तथा लगानी भएको सुनिश्चित गर्ने । |

नगर प्रमुख

## अनुसूची ५

### कार्यक्रमहरु:

| कार्यक्रम | एकाई | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जिम्मेवार निकाय | सहयोगी संस्था |
|---|---|---|---|---|---|---|---|---|
| एकिकृत प्रारम्भिक बालविकास कार्यनीति निमार्ण तथा कार्यान्वयन | संख्या | १ | | | | | पालिका | प्रदेश मन्त्रालय |
| स्थानीय तहमा एकिकृत प्रारम्भिक बालविकास कार्यक्रम सम्वन्धि अभिमुखिकरण कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | पालिका | |
| चौमासिक अनुगमन | संख्या | ६×३ | ६×३ | ६×३ | ६×३ | ६×३ | पालिका विभिन्न शाखाहरु | |
| उमेर अनुसारको मापदण्डको तर्जुमा | संख्या | १ | १ | १ | १ | १ | पालिका विभिन्न शाखाहरु | |
| महिला स्वयमसेवीकाहरुलाई तथ्याङ्क संकलन सम्वन्धि तालिम | पटक | २ | २ | २ | २ | २ | स्वास्थ्य तथा पोषण शाखा | |
| स्वास्थ्य चौकीहरुलाई सहयोग | पटक | १२×१० | १२× १० | १२× १० | १२× १० | १२× १० | स्वास्थ्य तथा पोषण शाखा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जिल्ला स्वास्थ्य कार्यालय |
| स्वास्थ्य चौकीमा वालखेल कुना वा उत्प्रेरण कुना तथा स्तनपान कक्ष स्थापना | संख्या | १२ | | | | | स्वास्थ्य तथा पोषण शाखा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जिल्ला स्वास्थ्य कार्यालय |

नगर प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अभिभावक शिक्षा कार्यक्रम | संख्या | १३०×१, | १३०×२ | १३०×२ | १३०×२ | १३०×२ | स्वास्थ्य तथा पोषण शाखा/शिक्षा शाखा | पलिका |
| सामुहिक संवाद कार्यक्रम | संख्या | २४×५ | २४×५ | २४×५ | २४×५ | २४×५ | स्वास्थ्य तथा पोषण शाखा/शिक्षा शाखा | पलिका |
| अभिभावक शिक्षा संचालन सहजीकरण तालिमा | संख्या | ३ | ३ | ३ | ३ | ३ | स्वास्थ्य तथा पोषण शाखा/शिक्षा शाखा | पलिका / गैसस |
| सामुहिक संवादसंचालन सहजीकरण तालिमा | संख्या | १ | १ | १ | १ | १ | स्वास्थ्य तथा पोषण शाखा/शिक्षा शाखा | पलिका/गैसस |
| खोप कार्यक्रम संचालन | पटक | १२ ×३४ | १२×३४ | १२×३४ | १२×३४ | १२×३४ | स्वास्थ्य तथा पोषण शाखा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जिल्ला स्वास्थ्य कार्यालय |
| गर्भवती महिला तथा अभिभावक लागि सचेतना कार्यक्रम | संख्या | ११ ×५ | ११ ×५ | ११ ×५ | ११ ×५ | ११ ×५ | स्वास्थ्य तथा पोषण शाखा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जिल्ला स्वास्थ्य कार्यालय |
| पोषणयुक्त वडा घोषणा कार्यक्रम | संख्या | १ | २ | ३ | ४ | १ | स्वास्थ्य तथा पोषण शाखा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जिल्ला स्वास्थ्य कार्यालय |



नगर प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अभिभावकको लागि पोषण सम्वन्धि तालिम | संख्या | ११ | ११ | ११ | ११ | ११ | स्वास्थ्य तथा पोषण शाखा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जिल्ला स्वास्थ्य कार्यालय |
| भिटामिन ए तथा जुकाको औषधि खुवाउने कार्यक्रम | संख्या ( वडा) | ११ | ११ | ११ | ११ | ११ | स्वास्थ्य तथा पोषण शाखा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जिल्ला स्वास्थ्य कार्यालय |
| पोलियो थोपा खुवाउने कार्यक्रम | संख्या ( वडा) | ११ | ११ | ११ | ११ | ११ | स्वास्थ्य तथा पोषण शाखा | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जिल्ला स्वास्थ्य कार्यालय |
| शुद्ध खानेपानी उपलब्धता सम्वन्धि तथ्याङ्क संकलन ( समुदाय तथा विद्यालय) | पटक | १ | १ | १ | १ | १ | खानेपानी शाखा | खानेपानी तथा सरसफाई मन्त्रालय |
| खानेपानी शुद्धीकरण सम्वन्धि तालिम | वडा | ११ | ११ | ११ | ११ | ११ | खानेपानी शाखा | खानेपानी तथा सरसफाई मन्त्रालय |
| विद्यालयमा वालमैत्री शौचालय निर्माण | संख्या | ५ | ५ | ५ | १० | १० | शिक्षा तथा योजना शाखा | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय |
| अभिभावक शिक्षा कार्यक्रम | संख्या | ९६×१० | ९६×१० | ९६×१० | ९६×१० | ९६×१० | शिक्षा शाखा | |
| प्रारम्भिक बालविकास | सेसन | ६ | ६ | ६ | ६ | ६ | शिक्षा शाखा | शिक्षा विज्ञान |

नगर प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ताजगी र शिक्षकहरुलाई पुर्नताजगी तालिम ( एकीकृत पाठ्यक्रम अनुसाको प्रारम्भिक वालविकास र तह एक) | संख्या | | | | | | | तथा प्रविधि मन्त्रालय, शैक्षिक तालिम केन्द्र, गै.स.स |
| प्रारम्भिक वालविकास केन्द्र खेल तथा शैक्षणीक समाग्री सहयोग तथा समाग्री निर्माण तालिम | सेसन संख्या | ३ | ३ | ३ | ३ | ३ | शिक्षा शाखा | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, गै.स.स |
| वालमैत्री विद्यालय | संख्या | २ | ५ | ५ | १५ | ५ | शिक्षा शाखा | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| नमुना श्रोत प्रारम्भिक वालविकास केन्द्र निर्माण | संख्या | १ | ४ | ७ | ७ | ३ | शिक्षा शाखा | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| वालविकास केन्द्र व्यवस्थापन समितिलाई क्षमता अभिवृद्धि कार्यक्रम | सेसन संख्या | ४ | ४ | ४ | ४ | ४ | शिक्षा शाखा | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| विद्यालय व्यवस्थापन समितिलाई वालमैत्री वातावरण सम्वन्धि क्षमता अभिवृद्धि कार्यक्रम | सेसन संख्या | ४ | ४ | ४ | ४ | ४ | शिक्षा शाखा | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| प्रारम्भिक उमेरका वालवालिका पूर्वधारहरु वालमैत्री वनाउन मापदण्ड तर्जुमा | संख्या | | १ | | | | पालिका | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम | | | | | | | | |
| विपद् न्यूनिकरण तथा व्यवस्थापनमा प्रारम्भिक उमेरका वालवालिका तथा गर्भवती महिलाका लागि विशेष व्यवस्था | संख्या | १२ | १२ | १२ | १२ | १२ | पलिका विपद व्यवस्था शाखा | |
| बाल अधिकार तथा महिला अधिकारका वारेमा सचेतना अभिवृद्धि कार्यक्रम | संख्या | २२ | २२ | २२ | २२ | २२ | पालिका महिला, वालबालिका तथा जेष्ठनागरिक शाखा | पलिका / गैसस |
| खानेपानी तथा वालमैत्री शौचालय निमार्ण सहयोग | संख्या | ४ | ४ | ४ | ४ | ४ | खानेपानी तथा सरसफाई शाखा | शिक्षा शाखा |
| फोहर व्यवस्थापन सम्वन्धि अभिमुखिकरण कार्यक्रम | संख्या | १२ | १२ | १२ | १२ | १२ | खानेपानी तथा सरसफाई शाखा | खानेपानी तथा सरसफाइ मन्त्रालय |
| विद्यालमा खानेपानी फिल्टरको व्यवस्थापन | संख्या | ५ | ६ | ६ | १२ | ६ | खानेपानी तथा सरसफाई शाखा, शिक्षा शाखा | खानेपानी तथा सरसफाइ मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |
| वृक्षरोपण कार्यक्रम | संख्या | ३ | ३ | ४ | १० | १२ | पालिका | पलिका /स्थानीय संस्थाहरु / गैसस |
| प्राथमिक उपचार सम्वन्धि शिक्षकलाई तालिम | संख्या | ३ | ३ | ३ | ३ | ३ | पलिका विपद व्यवस्था शाखा | |

नगर प्रमुख